मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ · अंक ६३ · २०८२ साल माघ ०३ गते शनिबार · Saturday 17, January 2026 · सूर्योदय: बिहान ०६:५६ बजे · सूर्यास्त: साँझ ५:३५ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

## देउवा नेतृत्व कांग्रेसको शनिबार बैठक

**ललितपुर ।** शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेस केन्द्रीय कार्य समितिको बैठक आज शनिबार बिहान ८ बस्ने भएको छ । पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्काको निर्देशनमा केन्द्रीय कार्य समितिको बैठक २०८२ माघ ३ गते शनिबार बिहान ८ बजे पार्टीको केन्द्रीय कार्यालय सानेपामा बस्ने भएको छ । बैठकमा केन्द्रीय कार्य सम्पादन समितिका पदाधिकारी एवम् सदस्यहरूको उपस्थितिका लागि निर्देशानुसार अनुरोध गरिएको उनले बताए ।

# गगन थापालाई पार्टी र चिन्ह
# देउवालाई पार्टी दर्ता सुविधा

### एक ढिक्का भएर पार्टी काममा लागौँ



*हामी कसैलाई काखापाखा गर्दैनौँ । कांग्रेस पार्टी भृकुटीमण्डलमा आयोजित विशेष महाधिवेशनमा नआउनेको पनि हो । टिकट वितरणमा कसैले हारेको महसुस गर्नुपर्दैन । जित र हारको रूपमा लिएर जाने अवस्था सिर्जना हुँदैन । कसैलाई प्रतिशोध राखिदैँन । तोकिएअनुसार वैशाखमै नियमित महाधिवेशन गर्न पनि प्रतिबद्ध छु । अब एकढिक्का भएर पार्टी काममा लागौँ ।*

***–गगन थापा***
***सभापति, नेपाली कांग्रेस***

### निर्वाचन आयोग विरुद्ध सबै लडाइँ लड्छौँ



*निर्वाचन आयोगको निर्णय हाम्रा लागि मान्य छैन । वैधानिक, राजनीतिक र कानूनी सबै लडाइँ लड्ने छौँ । सेटिङमा यस्तो निर्णय आएको हो । प्रक्रियागत रुपमै षड्यन्त्रपूर्ण रहेको आभाष भएको छ । आयोगको निर्णय कांग्रेसको विधानविपरीत छ । यो निर्णयका विरुद्ध हामी सबै लडाइँहरु लड्ने तयारीमा छौँ । आजैदेखि छलफलमा जुट्छौँ । कांग्रेसविरुद्धको षड्यन्त्र हो यो ।*

***–पूर्णबहादुर खड्का***
*निवर्तमान उपसभापति, नेपाली कांग्रेस*



**मधेशदृष्टि**
**वीरगंज ।** नेपाली कांग्रेसका तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा समर्थनको दोस्रो विशेष महाधिवेशन स्वीकृत भएको छ । शुक्रबार साँझ निर्वाचन आयोगले यही महाधिवेशनबाट निर्वाचित नेतृत्व नै आधिकारिक कांग्रेसको नेतृत्व भएको निर्णय सुनाएपछि केन्द्रीय समिति बैठक बसेर थापा र शर्मालाई कारबाही अनि विशेष महाधिवेशनको विरोध गर्ने तत्कालीन सभापति शेरबहादुर देउवा, तत्कालीन कार्यबाहक सभापति पूर्णबहादुर खड्कासहितको केन्द्रीय कार्यसमिति कांग्रेसमा शुक्रबारबाट 'निवर्तमान' प्रमाणित भएको छ । अब उनीहरुको विकल्प सर्वोच्च अदालतमा फिराद गर्ने, गगनसँगै नरम भएर बस्ने वा अर्को पार्टी खोल्ने मात्र हुनेछ ।

निर्वाचन आयोगले नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित थापा नेतृत्वको कार्य समितिलाई आधिकारिता प्रदान गरेको हो । आयोगको शुक्रबार बसेको बैठकले थापा नेतृत्वको कार्यसमितिलाई आधिकारिकता दिने निर्णय गरेको छ । यो निर्णयसँगै नेपाली कांग्रेसको चुनाव चिह्न रुख र चारतारे झण्डासहित आधिकारिक कांग्रेसको सभापति गगन थापा बनेका छन् ।

शेरबहादुर देउवा नेतृत्वको तत्कालीन संस्थापन पक्ष अब पार्टी र चुनाव चिह्नविहीन बनेको छ । यो पक्षलाई आयोगले दलको नाम र चुनाव चिह्न रोज्न समय दिनेछ ।

विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिले दिएको विवरण अनुसार अद्यावधिक गर्ने निर्णयसँगै निर्वाचन आयोगले शेरबहादुर देउवा पक्षले अर्को दल दर्ता गर्न चाहे मौका दिने भएको छ । आयोगले देउवा पक्षले चाहे दल दर्ताका लागि सीमित अवधि दिनेबारे लचिलो हुने निर्णय समेत गरेको छ । देउवा पक्षले गगन नेतृत्वको कांग्रेसमै रहन नचाहे दल र चुनाव चिह्न नयाँ प्रदान गर्नुपर्ने कानूनी व्यवस्था छ ।

यता, देउवा पक्षका प्रवक्ता डा. प्रकाशशरण महतले आयोगले विधि र प्रक्रियाको धज्जी उडाएको आरोप लगाएका छन् । शुक्रबार आयोगको निर्णयप्रति प्रतिक्रिया दिँदै उनले भने, 'निर्वाचन आयोगले विधि र प्रक्रियाको धज्जी उडायो । अब हामी कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल गर्छौं ।'

पुस २७ गतेदेखि ३० गतेसम्म काठमाडौँको भृकुटीमण्डपमा सम्पन्न विशेष महाधिवेशनबाट थापा सभापति चयन भएका थिए । सभापति चयन भएपछि बिहीबार बसेको केन्द्रीय समिति बैठकको निर्णयसहित थापा पक्षले आधिकारिकताको दाबी गर्दै आयोगमा कागजात बुझाएको थियो ।

देउवा पक्षले पनि आफूहरू नै आधिकारिक भएको जिकिरसहित आयोगमा छुट्टै कागजात पेस गरेको थियो । तर आयोगको निर्णयसँगै नेपाली कांग्रेसको चुनाव चिह्न रुख र चारतारे झण्डा देउवा पक्षबाट गुमेको छ ।

### कसरी पाए थापाले पार्टी र चिन्ह ?

१. ४० प्रतिशतले महाधिवेशन माग गर्न पाउने र त्यो मागअनुसार महाधिवेशन आयोजना गर्नुपर्ने बाध्यात्मक व्यवस्था ।
२. विधानत महाधिवेशन प्रतिनिधि नै सर्वोच्च प्रतिनिधि ।
३. विशेष महाधिवेशन माग गरेको विषयमा कसैको विमति नदेखिएको ।
४. महाधिवेशनपछि निर्वाचन आयोगमा अद्यावधिक ।

**अद्यावधिक गर्न आग्रह**

यसअघि नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय पदाधिकारी एवम् केन्द्रीय सदस्यले विशेष महाधिवेशन वैधानिक भएकाले त्यसको कागजातका आधारमा पार्टी केन्द्रीय समिति अद्यावधिकको निर्णय गर्न माग गरेका थिए ।

कानून व्यवसायीसहित शुक्रबार निर्वाचन आयोग आएका केन्द्रीय पदाधिकारी एवंम्केन्द्रीय सदस्यहरूले थप कागजात पेस गरेका छन् । नवनिर्वाचित उपसभापति विश्वप्रकाश शर्माले केन्द्रीय समितिले गरेको निर्णयअनुसार नियमित महाधिवेशन कार्यान्वयन नभएकाले विधानअनुसार विशेष महाधिवेशन गरिएको बताए । कांग्रेस विधानको दफा १५ ले महाधिवेशनलाई सर्वोच्च निकाय भनेकाले त्यहाँबाट गरिएका निर्णय कानूनसम्मत रहेको बताए ।

'विधान अनुसार ५४.५८ प्रतिशत महाधिवेशन प्रतिनिधिले असोज २८ गते नै विशेष महाधिवेशनको माग गरेका हुन्, विधानको दफा ३ को उपदफा १२ ले केन्द्रीय कार्यालय भन्नाले महामन्त्री भन्ने उल्लेख गरेको छ, विधान कार्यान्वयन नगर्नू कानूनको उल्लङ्घन हुने भन्ने व्यवस्था भएकाले हामीले विधानको व्यवस्थालाई कार्यान्वयन गराएका हौँ, कार्यान्वयन नगरे पाँच हजार रुपैयाँ जरिवानाको व्यवस्था कानूनमा रहेको छ,' उनले भने ।

हस्ताक्षर गरेका २९ जना महाधिवेशन प्रतिनिधिले मात्र फिर्ता लिएको जानकारी उपसभापति शर्माले आयोगलाई गराए । घर फर्किसकेका महाधिवेशन प्रतिनिधिले हस्ताक्षर फिर्ता लिए भनी हल्ला फिँजाइएको उनले बताए । असोज २८ गते कार्यवाहक सभापति पूर्णबहादुर खड्काले नै हस्ताक्षर गरेर विशेष महाधिवेशन माग गरिएको निवेदन पार्टी कार्यालयमा दर्ता भएको र दर्ता नं. १०१ रहेको उपसभापति पुष्पा भुसालले बताइन् ।

दुई हजार ४ सय ८८ महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गरेको र दुई हजार ६ सय ५२ जना महाधिवेशन प्रतिनिधि विशेष महाधिवेनमा उपस्थित भएर नीति र नेतृत्व पारित गरेको उनले जानकारी गराइन् ।

कांग्रेस विधानको दफा १७ (२) अनुसार विशेष महाधिवेशन माग गरेको तीन महिनाभित्र गर्नैपर्ने व्यवस्थाअनुसार त्यसलाई कार्यान्वयन गरिएको वरिष्ठ अधिवक्तासमेत रहेकी नेतृ भुसालले भनिन् ।

कांग्रेस विशेष महाधिवेशनबाट नवनिर्वाचित महामन्त्री प्रदीप पौडेलले महाधिवेशनले बनाएको नीति, नियम कार्यान्वयन गर्ने काम केन्द्रीय कार्य समिति भएको बताए । नीति, नियम र नेतृत्व चयन गर्ने आधिकारिक मञ्च महाधिवेशन नै भएकाले विशेष महाधिवेशन वैध रहेको उनको भनाइ थियो ।

विशेष महाधिवेशनबाट नवनिर्वाचित अर्का महामन्त्री गुरुराज घिमिरेले असोज २८ गते ५४.५८ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेको कागजात आफूहरूले नै कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई बुझाएको र उनले नै हस्ताक्षर गरेर दर्ता गराएकामा अहिले विशेष महाधिवेशन कहाँ, कहिले भयो ? थाहा छैन भनी गैरजिम्मेवार अभिव्यक्ति दिएको बताए ।

नेपाल बार एशोसियशनको पूर्वअध्यक्षसमेत रहिसकेका विशेष महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय सदस्य प्रेमबहादुर खड्काले ४० प्रतिशतभन्दा धेरै महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गरेमा अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्थाअनुसार नै भएको बताए । पार्टी विधानको यही व्यवस्थाअनुसार दुई जना तत्कालीन महामन्त्रीले आफ्नो काम पूरा गरेको उनले सुनाए । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ अनुसार विशेष महाधिवेशनले गरेको निर्णय अद्यावधिक गर्न आफूहरू आयोग आएको उनले सुनाए ।

कांग्रेस निर्वाचन समितिको संयोजकसमेत रहेका वरिष्ठ अधिवक्ता सीताराम केसीले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४३ र ४४ मा अहिले कुनै विवाद नरहेकाले दफा ५१ अनुसार अद्यावधिक गरिनुपर्ने बताए । कांग्रेस विधानअनुसार निर्वाचन कार्यविधि र निर्देशिका बनाएर विधिसम्मत रूपमा विशेष महाधिवेशन सम्पन्न गरिएको उनले आयोगलाई जानकारी गराएका थिए । नेपाल बार एशोसियशनका पूर्वअध्यक्ष एवम् वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीलगायत विशेष महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय सदस्यहरूले छिटो गरी कांग्रेस केन्द्रीय समितिको सूची अद्यावधिक गर्न माग गरेका थिए ।



# संघीय लोकतान्त्रिक मोर्चाभित्र ३२ सिटमा घमासान



**मधेशदृष्टि**
**जनकपुरधाम ।** आसन्न प्रतिनिधि सभा निर्वाचन नजिकिँदै जाँदा संघीय लोकतान्त्रिक मोर्चाभित्र सिट बाँडफाँटको विषय सबैभन्दा जटिल बनेको छ । मोर्चामा आबद्ध दलहरूबीच औपचारिक एकता र सहकार्यको घोषणा भए पनि कुन निर्वाचन क्षेत्रमा कुन दल र कुन नेता उम्मेदवार बन्ने भन्ने विषयमा स्पष्ट सहमति जुट्नसकेको छैन । यही अन्योलताका कारण मोर्चाभित्र असन्तुष्टि बढ्दै गएको संकेत देखिन थालेको छ ।

मोर्चामा रहेका सात दलमध्ये चारदल एकतामा गएर जनता समाजवादी पार्टी नेपाल बनेपछि राजनीतिक समीकरण फेरिएको छ । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालमा महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी र वृषेशचन्द्र लाल नेतृत्वको तराई–मधेश लोकतान्त्रिक पार्टी समाहित भएका छन् । यो एकीकरणपछि जसपा नेपाल मोर्चाको सबैभन्दा ठूलो दलका रूपमा स्थापित भएको छ ।

यसैबीच मोर्चामै रहेका राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी र रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीबीच एउटै चुनाव चिह्न प्रयोग गरेर निर्वाचन लड्ने सहमति भएको छ । यद्यपि डा. सीके राउत नेतृत्वको जनमत पार्टीले अहिलेसम्म कुनै दलसँग औपचारिक एकता वा चुनावी तालमेलको घोषणा नगरेको अवस्थामा मोर्चाको स्वरूप अझै पूर्णरूपमा स्पष्ट भइसकेको छैन ।

हाल मोर्चामा जसपा नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी र नागरिक उन्मुक्ति पार्टी छन् । नागरिक उन्मुक्ति पार्टीको प्रभाव क्षेत्र मुख्यतः पश्चिम तराईमा सीमित रहे पनि बाँकी तीन दलको राजनीतिक आधार मधेश प्रदेशमै केन्द्रित छ । यही कारण मधेश प्रदेश अन्तर्गत प्रतिनिधि सभाका ३२ सिटमा सबै दलको दाबी देखिँदा सिट बाँडफाँट थप पेचिलो बन्दै गएको हो ।

मोर्चामा आबद्ध सबै प्रमुख नेता चुनावी मैदानमा उत्रने तयारीमा जुटिसकेका छन् । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो र नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी उम्मेदवार बन्ने तयारीमा छन् । यसबाहेक मधेशका विभिन्न जिल्लाबाट दुई दर्जनभन्दा बढी प्रभावशाली नेताहरू पनि प्रतिनिधि सभा निर्वाचन लड्ने तयारीमा लागेका छन्, जसले उम्मेदवारी व्यवस्थापनलाई झनै कठिन बनाएको छ ।

मधेश प्रदेशमा प्रतिनिधि सभाका लागि सीमित सिट भए पनि उम्मेदवारीका आकांक्षी नेताहरूको संख्या अत्यधिक छ । एउटै निर्वाचन क्षेत्रमा मोर्चाका दुई वा तीन दलका नेताहरूले दाबी गरेपछि कसलाई उम्मेदवार बनाउने भन्ने विषयमा सहमति जुटाउन मोर्चा नेतृत्वलाई हम्मेहम्मे परेको छ । विगतको निर्वाचन अनुभवलाई हेर्दा धेरै क्षेत्रमा जसपा नेपाल र जनमत पार्टीबीच सीधा प्रतिस्पर्धा देखिएको थियो, जसका कारण आगामी निर्वाचनमा यी दुई दलबीच तालमेल मिलाउनु सबैभन्दा चुनौतीपूर्ण मानिएको छ ।

जनमत पार्टीका नेताहरू चुनावी तालमेल व्यवहारमा कठिन हुने तर्क गर्दै आएका छन् । उनीहरूका अनुसार तालमेलका क्रममा टिकट नपाउने नेताहरू असन्तुष्ट भई अन्य दलबाट उम्मेदवारी दिन सक्ने सम्भावना रहन्छ, जसले मोर्चाको उद्देश्य नै कमजोर पार्न सक्छ । यही कारण जनमत पार्टीभित्र एक्लै चुनाव लड्ने धारणा पनि बलियो हुँदै गएको देखिन्छ ।

चार दल एकीकृत भएर ठूलो शक्ति बनेको जसपा नेपालभित्र पनि उम्मेदवार चयन सहज छैन । पार्टीभित्र आकांक्षीको चाप बढेसँगै साविकका दलबीच आन्तरिक प्रतिस्पर्धा चर्किन सक्ने सम्भावना देखिएको छ । टिकट वितरणका क्रममा असन्तुष्टि बढेमा त्यसको असर पार्टीको संगठनात्मक संरचनामा समेत पर्न सक्ने नेताहरू स्वीकार गर्छन् ।

समग्रमा संघीय लोकतान्त्रिक मोर्चाले मधेश केन्द्रित राजनीतिक शक्तिलाई एक ठाउँमा ल्याउने प्रयास गरे पनि सिट बाँडफाँटको विषयले मोर्चाको भविष्य नै निर्धारण गर्ने अवस्था सिर्जना भएको छ । सहमति जुट्न सके मोर्चाले मधेशको राजनीतिमा बलियो उपस्थिति जनाउन सक्छ, तर सहमति असफल भए मोर्चा कमजोर बन्ने वा विभाजनको जोखिमसमेत रहने देखिएको छ । आगामी निर्वाचनअघि सिट बाँडफाँट मोर्चाका लागि सबैभन्दा ठूलो राजनीतिक परीक्षा बन्ने निश्चित छ ।

# मधेशको बजेट कार्यान्वयन निराशाजनक

**मधेशदृष्टि**
**जनकपुरधाम ।** चालु आर्थिक वर्षको पहिलो छ महिनामा मधेश प्रदेश सरकारको बजेट कार्यान्वयन अत्यन्तै कमजोर देखिएको छ । कुल बजेट खर्च अनुपात अझै दुई अंकमा पुग्न नसक्दा विकास निर्माण र सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने संकेत देखिएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार चालु आर्थिक वर्षको साउनदेखि पुससम्मको अवधिमा प्रदेश सरकारले कुल बजेटको जम्मा ७.७१ प्रतिशत मात्र खर्च गर्न सकेको छ । यो अवधिमा चालु र पुँजीगत गरी कुल ३ अर्ब ६२ करोड ३५ लाख ५३ हजार रुपैयाँ खर्च भएको तथ्यांक छ ।

कुल खर्चमध्ये चालु खर्चतर्फ करिब २ अर्ब रुपैयाँ खर्च भएको छ भने पुँजीगत खर्चतर्फ भने १ अर्ब रुपैयाँ हाराहारीमा मात्र खर्च भएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका लेखापाल मनोज झाका अनुसार छ महिनामा पुँजीगत खर्च कुल बजेटको ३.३६ प्रतिशत मात्र छ । चालु खर्चतर्फ भने कुल बजेटको १५.५८ प्रतिशत रकम खर्च भइसकेको छ ।

छ महिना बितिसक्दा पनि मधेश प्रदेशका ६ वटा मन्त्रालयले आफ्नो बजेट खर्च दुई अंकमा पु¥याउन सकेका छैनन् । ती मन्त्रालयहरूले १ देखि ८ प्रतिशतसम्म मात्रै बजेट खर्च गर्न सकेका छन् ।

खेलकुद तथा समाज कल्याण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, गृह, सञ्चार तथा कानून मन्त्रालय, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग मन्त्रालयले बजेट खर्च प्रतिशत दुई अंकमा पुर्याउन सकेका छैनन् ।

तथ्यांक अनुसार उद्योग मन्त्रालयले ३.०२ प्रतिशत, कृषि मन्त्रालयले ६.४४ प्रतिशत, ऊर्जा तथा सिँचाइ मन्त्रालयले ५.१५ प्रतिशत, भौतिक पूर्वाधार मन्त्रालयले ५.४६ प्रतिशत र खेलकुद मन्त्रालयले सबैभन्दा कम १.२० प्रतिशत मात्र बजेट खर्च गर्न सकेका छन् ।

**बढी खर्च गर्ने मन्त्रालय**

तुलनात्मक रूपमा केही मन्त्रालयहरूको खर्च अनुपात भने उच्च देखिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले चालु र पुँजीगत गरी १७.०५ प्रतिशत बजेट खर्च गरिसकेको छ ।

सबैभन्दा बढी खर्च गर्ने मन्त्रालयका रूपमा अर्थ मन्त्रालय अगाडि देखिएको छ । अर्थ मन्त्रालयले अहिलेसम्म २१.३१ प्रतिशत बजेट खर्च गरेको छ । श्रम मन्त्रालयले १८.७७ प्रतिशत, वन तथा वातावरण मन्त्रालय १६.२० प्रतिशत, स्वास्थ्य मन्त्रालय १२.३६ प्रतिशत, शिक्षा मन्त्रालय १०.२६ प्रतिशत बजेट खर्च गरेका छन् ।

**कुल बजेट र खर्चको अवस्था**

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । यसमा चालुतर्फ १६ अर्ब ७२ करोड रुपैयाँभन्दा बढी र पुँजीगततर्फ ३० अर्ब २६ करोड रुपैयाँ छुट्याइएको छ ।

तर कुल बजेटमध्ये अहिलेसम्म चालु र पुँजीगत दुवै शीर्षकबाट गरी ३ अर्ब ६२ करोड रुपैयाँ हाराहारी मात्रै खर्च भएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार जेनजी आन्दोलन, प्रदेश सरकारभित्रको आन्तरिक विवाद तथा प्रशासनिक ढिलासुस्तीका कारण बजेट खर्च अपेक्षित रूपमा हुन नसकेको हो । यद्यपि, अघिल्लो आर्थिक वर्षको यही अवधिमा भने खर्च अवस्था अझ कमजोर थियो । गत वर्ष यसै समयमा कुल बजेटको ५.६१ प्रतिशत मात्रै खर्च भएको थियो ।

# जिप्रकाको गतिविधि सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले २०८२ सालको पुष महिनाको गतिविधि विवरण सार्वजनिक गरेको छ । पुलिसका अनुसार सो महिनामा कुल १०७ वटा मुद्दा दर्ता भएका छन्। जघन्य तथा गम्भीर अपराध २६, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित ६ र आर्थिक अपराध २१ वटा छन् । चालू मुद्दाका ७९ जनालाई पक्राउ गरिएको छ भने ५७ जनालाई फैसला कार्यन्वयन क्रममा जरिवाना र कैद सजाय दिइएको छ ।

महिला, बालबालिका र ज्येष्ठ नागरिकसँग सम्बन्धित हराएका ३० जनामध्ये ९ जना फेला नपरेका छन्। घरेलु हिंसाका ५७ र सामाजिक हिंसाका ८१ उजुरी प्राप्त भएका छन्। वीरगंज महानगरपालिकामा सबैभन्दा बढी उजुरी दर्ता भएको छ । लागु औषध नियन्त्रणमा ३८४ केजी गाँजा, २५१ केजी चरेश, ३४६ ग्राम खैरो हिरोइन र ११०६८ ट्याब्लेट नाइट्राभेट बरामद गरिएको छ । सवारी दुर्घटनामा ९८ घटना भएका छन्, जसमा २ जनाको मृत्यु र १२५ जना सामान्य घाइते भएका छन् ।

सुरक्षा, अपराध न्यूनीकरण र जनचेतना कार्यक्रम अन्तर्गत १४ स्थानीय तहमा १०९ कार्यक्रम आयोजना गरी ३८४५ जनालाई सहभागी गराइएको छ । प्रहरी सेवाग्राहीको संख्या १०,९०२ पुगेको छ भने पुलिस हटलाइन १०० मा १३,००२ कल प्राप्त भएका छन् । पुलिसले कर्मचारी मनोबल वृद्धि र नवप्रवर्धनात्मक गतिविधि अन्तर्गत हप्तामा १ दिन अतिरिक्त विश्राम सुविधा पनि सुरु गरेको छ ।

# ‘राजगुठीको जग्गा अतिक्रमण हुन दिँदैनौँ’

**काठमाडौँ ।**
बौद्ध तथा मेलम्ची घ्याङ गुठीका नाममा रहेको राजगुठीको जग्गा अतिक्रमण भएको विषय खोजी गरी तथ्य बाहिर ल्याउन खोज्दा सामाजिक सञ्जाल र केही सञ्चारमाध्यमबाट दुष्प्रचार गरिएको भन्दै बौद्ध लामा गुरुहरूले आपत्ति जनाएका छन् ।

बौद्ध तथा मेलम्ची घ्याङ गुठीले शुक्रबार गरेको पत्रकार सम्मेलनमा अध्यक्ष चिनियाँ लामा भूपतिबज्र लामाले गुठी संस्थानअन्तर्गत रहेको श्रेष्ता, लगत एवम् अभिलेखअनुसार जग्गाको खोजी गरेर संरक्षण गर्न लाग्दा जग्गा अतिक्रमण गर्नेले दुष्प्रचार गरेको जानकारी दिए ।

बाबु, बाजेदेखि नै बौद्ध तथा मेलम्ची घ्याङ गुठीको जग्गा संरक्षण गरी बौद्ध र मेलम्ची घ्याङको पूजा एवम् सांस्कृतिक परम्परा संरक्षण गर्दै आएकामा जग्गा अनियमितता भएको तथ्य खुलेपछि गुठीको स्वामित्वमा ल्याउने पहल गर्दा अध्यक्ष लामा र घ्याङ गुठीलाई नकारात्मक देखाउने गरी एक पक्षीय रूपमा प्रचार भइरहेको पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

‘गलत प्रचार गर्नेहरूका विरुद्धमा पनि म छैन, उनहरूको पनि राम्रो होस्, यो गुठीको जग्गा संरक्षण गर्ने दायित्व पुस्तौँदेखि हाम्रो परिवारको हो । गुठी संस्थानले अहिले मलाई अध्यक्ष बनाएर त्यसको नेतृत्व गर्ने जिम्मेवारी दिएको छ, यो जग्गामा तलमाथि गरेर यहाँको धर्म, संस्कृति मास्न पाइँदैन,’ अध्यक्ष लामाले भने ।

घ्याङ गुठीका अध्यक्ष चिनियाँ लामाको निजी सचिवालयका हरिश गोले तामाङ बौद्ध चैत्य र त्यस वरपरको जग्गा शताब्दीयौँ अघिदेखि राजगुठीको भए पनि केही व्यक्तिले अतिक्रमण गरेको बताउँछन् । त्यसको खोजी गर्न थालेपछि सरकारी गुठीको जग्गा अतिक्रमण गर्नेहरू नकारात्मक प्रचारप्रसार गर्न लागिपरेको उनले सुनाए । यससँग सम्बन्धित प्रमाण पनि घ्याङ गुठीसँग सुरक्षित रहेको अध्यक्ष चिनियाँ लामाको निजी सचिवालयले जनाएको छ ।

‘मेरो जन्म अरुका लागि’ भनी आफूले अभियान चलाएको उल्लेख गर्दै अध्यक्ष लामाले गुठीका तर्फबाट कुनै गलत काम नभएको बताए । गुठीको नाममा रहेको जग्गा नेपाल सरकारको नाममा ल्याउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको बौद्धनाथ क्षेत्र विकास समितिले नापी र मालपोत कार्यालयलाई दबाब दिइरहेको जानकारी पनि पत्रकार सम्मेलनमा गराइएको थियो ।

गुठी संस्थान पनि सरकारअन्तर्गतकै निकाय हुँदाहुँदै नेपाल सरकारकै नाममा जग्गा ल्याउने भनी अनियमितता गर्न खोजेको आरोप घ्याङ गुठीको छ । गुठी संस्थान, मालपोत र नापी कार्यालय भने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत छ । धेरैजसो त धार्मिकस्थलमा बौद्धमा जस्तै द्वैध स्वामित्व हुँदा विवाद हुने र धर्म, संस्कृति एवम् गुठी जग्गामा अनियमितता हुने गरेको छ । सचिवालयका अर्का सदस्य पाल्देन तामाङ खोजी भइरहेको गुठीको जग्गाका तथ्य रोक्न सामाजिक सञ्जाल र केही सञ्चारमाध्यममा नकारात्मक सन्देश प्रवाह गरिएको बताउँछन् ।

सामाजिक सञ्जाल र केही सञ्चारमाध्यममा गरिएका नकारात्मक प्रचारप्रसारविरुद्ध सम्बन्धित सञ्चारमाध्यममा खण्डन पठाइएको जानकारी पनि कार्यक्रममा गराइएको थियो । यसविरुद्ध प्रेस काउन्सिलमा उजुरी लिएर जाने तयारीसमेत भएको त्यस अवसरमा बताइएको थियो ।




## प्रनानि (सई) सुभास यादवको सक्रियता:

# अपराध नियन्त्रणदेखि सीमापार समन्वयसम्म उल्लेखनीय उपलब्धि

**हरिशंकर शर्मा**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय सर्लाही अन्तर्गत इलाका प्रहरी कार्यालय कर्मैयामा कार्यरत रही हाल रौतहटमा कार्यरत रहेका प्रहरी नायब निरीक्षक (सई) सुभास यादवले २०८१ साल पुसदेखि हालसम्मको कार्यकालमा अपराध नियन्त्रण, फरार प्रतिवादी पक्राउ, सीमापार अपराध नियन्त्रण, लागूऔषध तथा तस्करी विरुद्धको अभियान, सामुदायिक सुरक्षा र संवेदनशील कार्यक्रम व्यवस्थापनमा उल्लेखनीय सफलता हासिल गरेका छन् ।



विभागीय नीति, निर्देशन तथा तालुक कार्यालयको आदेशअनुसार सम्पादन गरिएका उनका कार्यहरू विभिन्न सञ्चारमाध्यम मार्फत सार्वजनिक भइसकेका छन् । गम्भीर तथा जघन्य अपराधका घटनामा सूचना संकलन, अनुसन्धान र पक्राउमा उनले प्रभावकारी भूमिका निर्वाह गरेका छन् । उनको कार्यकालकै क्रममा पूर्व सांसद रामचन्द्र राय हत्या प्रकरणमा सूचना संकलन गरी फरार प्रतिवादी बिरेन्द्र यादवलाई पक्राउ गरी अदालत बुझाइएको थियो । सोही हत्याकाण्डको छानबिन तथा अनुसन्धान समितिमा सदस्यका रूपमा रही उनले अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन महत्वपूर्ण योगदान दिएका थिए ।

२०८१ सालमा मंगलवामा गणेश मूर्ति विसर्जनका क्रममा ढुंगा प्रहार गरी शान्ति भंग गर्ने मोहम्मद फरिद शाहलाई पक्राउ गरिएको थियो । साथै मेला, पर्व तथा मूर्ति विसर्जनजस्ता संवेदनशील कार्यक्रममा सूचना संकलन गरी शान्तिपूर्ण वातावरण कायम राख्न सक्रिय भूमिका खेलिएको थियो । सीमापार अपराध नियन्त्रणतर्फ सई यादवको कार्य उल्लेखनीय देखिन्छ । विभिन्न भारतीय सुरक्षाकर्मीहरूसँग समन्वय गरी २८ जना बालिकाको उद्धार गरी अभिभावकको जिम्मा लगाइएको थियो ।

भारत, बिहारको सोनबरसा थानासँग समन्वय गरी २०८१/११/२७ मा नक्कली रु. १,००० का १७६ थान नोटसहित पाँच जनालाई पक्राउ गरिएको थियो । त्यसैगरी भारत, बिहारको बसतपुरमा बन्धक बनाइएकी १८ वर्षीया शेख जयनसलाई सकुशल उद्धार गरिएको थियो । घाँटी काटी हत्या गरी फरार रहेका भारतीय नागरिक धर्मेन्द्र राय पक्राउ गर्न पनि सई यादवको सक्रियता देखिएको थियो । उनको पहलमा २०८१/०७/२० मा घरेलु नकटुवा पेस्तोल, १० राउण्ड गोली र नक्कली नोटसहित भारतीय नागरिक कुन्नु पटेल र मुकेश पटेल पक्राउ परेका थिए । लागूऔषध विरुद्धको अभियानमा २०८१/०७/०९ मा १० केजी गाँजासहित सुलिन्द्र महतो कोईरी र चन्दन शर्मा लोहार पक्राउ परेका थिए । २०८१/११/०५ मा ‘विनरेक्स १०० एम.एल. लागूऔषध बिक्री वितरण गर्ने क्रममा मोहन खत्री र उनकी पत्नी खिम कुमारी खत्री पक्राउ परे । सोही दिन घरमै पुडिया बनाएर बिक्री गरिरहेको अवस्थामा १६ केजी गाँजासहित मानबहादुर पक्राउ परेका थिए । त्यस अपरेशनमा पनि सई यादको उल्लेखनीय भूमिका थियो ।

यता हिंसात्मक तथा जघन्य अपराधमा संलग्न १२ वर्षीया बालिकामाथि यौन दुव्र्यवहार गर्ने बिरेन्द्र सिंह, श्रीमतीको घाँटी हसियाले रेटी छोरीमाथि डाबियाले प्रहार गर्ने राजानन्द राय, अपहरण तथा शरीर बन्धक मुद्दाका विष्णुदेव राय र सुरेश साह, ज्यान जोगाउने कसूरका प्रतिवादी धिरज कुमार साह र बालकिशोर दास पक्राउ परेका छन् । शिक्षक रामपुकार यादव हत्या प्रकरणका फरार मुख्य अभियुक्त सन्तोष भन्ने अभि कुमार यादवलाई पक्राउ गर्न सई यादवले भारतीय प्रहरीसँग समन्वय गरेका थिए ।

उनको पहलमा विभिन्न मुद्दाका १८२ जना फरार प्रतिवादी पक्राउ गरी कानुनी दायरामा ल्याइएको थियो । प्रहरी चौकी गोडैतामा आक्रमण गर्ने फरार प्रतिवादीहरू पक्राउ गरिएको थियो भने भाद्र २३ र २४ गतेको ‘जेन–जी आन्दोलन’का क्रममा कुनै पनि क्षति हुन नदिई कार्यालय र कर्मचारी सुरक्षित राख्न सई यादवको उल्लेखीय भूमिका रहेको थियो । सई यादवको सक्रियतामा तस्करी नियन्त्रणतर्फ विभिन्न मितिमा अन्दाजी रु. ६ करोड ४५ लाख ४४ हजार ६४५ बराबरको कबाड, लसुन, इलेक्ट्रोनिक्स, हार्डवेयर, पाट्र्स, रबर, सुपारी, औषधि, कपडा, मेसिनसहितका १५ वटा ट्रक बरामद गरी पथलैया पठाइएको थियो । परालको भुसमा लुकाइ ल्याइएको ८२० केजी काजु (अन्दाजी मूल्य रु. १२ लाख ३० हजार), करिब रु. २५ लाख मूल्यको ट्रक र चालक नियन्त्रणमा लिई भन्सार कार्यालय पठाइएको थियो ।

सामुदायिक सुरक्षातर्फ पूर्व–पश्चिम राजमार्गमा सवारी दुर्घटना न्यूनिकरणका लागि सचेतना कार्यक्रम सञ्चालनमा पनि सई यादवको सक्रियता देखिएको थियो । दुर्घटनाका घाइतेको तत्काल उद्धार गरी मानवीय क्षति कम गर्न भूमिका खेलिएको छ । बाढी–पहिरोको विषम अवस्थामा जनचेतना फैलाइएको थियो । घरेलु हिंसा, बालबालिका हराएको तथा ठाडो उजुरीका घटनामा लैंगिक संवेदनशीलता अपनाउँदै १०० प्रतिशत सम्झौतामुखी समाधानको लक्ष्य हासिल गरिएको प्रहरी कार्यालयले जनाएको छ । सई सुवास यादवको सक्रियतामा अपराध नियन्त्रण, सीमापार समन्वय, सामाजिक सुरक्षा, मानव उद्धार र जनमैत्री प्रहरी अभ्यासले कर्मैया क्षेत्रलाई तुलनात्मक रूपमा सुरक्षित बनाउँदै लगेको स्थानीयको भनाइ छ ।

# राष्ट्रिय सभा अधिवेशन सञ्चालनको तयारी पुरा

**काठमाडौँ ।**
संघीय संसद्को राष्ट्रिय सभाको अधिवेशन माघ ४ गते आइतबार ११ बजेका लागि आह्वान गरिएको छ । संघीय संसद् सचिवालयले राष्ट्रिय सभाको अधिवेशन सञ्चलनको तयारी संघीय संसद् सचिवालयले गरिरहेको छ ।

जेन्जी आन्दोलनका क्रममा नयाँ वानेश्वरस्थित संघीय संसद् भवन समेत जलेपछि वैकल्पिक रुपमा सिंहदरबारमै रहेको पुरानो राष्ट्रियसभाको बैठक कक्षमा राष्ट्रिय सभाको बैठक राख्ने गरी व्यवस्थापन गरिएको छ ।

गत भदौमा संघीय संसद्को अधिवेशन अन्त्य र प्रतिनिधि सभा विघटन भएपछि पहिलो पटक राष्ट्रिय सभा अधिवेशन आह्वान भएको हो । संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले राष्ट्रियसभा सञ्चालनका लागि आवश्यक प्रशासनिक पक्ष, भौतिक पूर्वाधार लगायतको तयारी गरिरहेको बताए ।

उनले संसद् भवन जलेपछि सभा बस्नका लागि हलको अभाव रहेको अवस्थामा संसद् सचिवालयमा रहेको प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सभाहलमा सभा सञ्चलन गर्न तयारी पुरा गरेको बताए । प्रतिनिधि सभा विघटन भएको अवस्था राष्ट्रिय सभाको मात्रै अधिवेशन आव्हान भएको र यो सभाको १९ औँ नियमित अधिवेशनका रुपमा रहने र नियमित कार्यक्रमहरू नै अगाडि बढ्ने छन् ।

अधिवेशनमा सभामा विचाराधीन रहेका विधेयक, संसदीय समितिका प्रतिवेदन, सार्वजनिक महत्वका सूचना तथा जनसरोकारका विविध विषयमा सरकारसँग छलफल गर्ने र जनचासोका विषयमा सरकारको ध्यानाकर्षण गराउने, समाधान खोज्ने लगायतका काम गर्ने छ । संघीय संसद् सचिवालयका प्रवक्ता गिरीका अनुसार कानून निर्माण संघीय संसदले गर्ने हुनाले एउटा सभाबाट मात्रै त्यो पूर्ण नहुने भए पनि राष्ट्रिय सभाले गर्नसक्ने जति काम गर्ने बताए । सभामा पाँच वटा विधेयक विचाराधिन रहेका छन् ।

जसमध्ये पर्यटन विधेयक, चलचित्र विधेयक र सामाजिक सञ्जाल विधेयक राष्ट्रिय सभाको समितिमा विचाराधिन छन् भने अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक सभामा सैद्धान्तिक छलफल भएको छ । यसैगरी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक समितिबाट सभामा प्रतिवेदन पेश भएको छ ।

राष्ट्रिय सभाको हाल रिक्त हुन लागेको १९ वटा पदमध्ये १८ वटा पदमा माघ ११ गते निर्वाचन हुने र एक पद मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिबाट मनोनयन भएर आएपछि बैठक नियमित रुपमा अगाडी बढ्ने पनि संघीय संसद् सचिवालयले जनाएको छ ।

यसअघि पनि प्रतिनिधि सभा विघटन भएको बेला २०७७ साल पुसमा पनि राष्ट्रिय सभाको सातौँ अधिवेशन बसेर आफ्नो नियमित काम गरेको थियो ।

# चिकित्सक दर्ता प्रमाणपत्र परीक्षा सातवटै प्रदेशबाट

**काठमाडौँ ।**
नेपाल मेडिकल काउन्सिलले अबदेखि चिकित्सक दर्ता प्रमाणपत्र परीक्षा सातवटै प्रदेशबाट गर्ने भएको छ । काउन्सिलका रजिष्ट्रार डा सतिसकुमार देवले चिकित्सकलाई काठमाडौँ आउनुपर्ने झन्झट अन्त्य गर्न अबदेखि सातवटै प्रदेशबाट चिकित्सकको दर्ता प्रमाणपत्र परीक्षा गर्ने निर्णय गरिएको जानकारी दिए । यसअघि चिकित्सकलाई चिकित्सक दर्ता प्रमाणपत्र परीक्षाका लागि काठमाडौँ आउनुपर्दथ्यो ।

रजिष्ट्रार डा देवले सातवटै प्रदेशमा कहाँ–कहाँ परीक्षा केन्द्र राख्ने अझै निर्णय नभएको बताए । उनले सातवटै प्रदेशबाट परीक्षाको व्यवस्था गरे परीक्षार्थीलाई यात्रा र समयको बचत हुनेमात्र नभई परीक्षा प्रक्रियाको पारदर्शिता र गुणस्तर पनि बढ्ने बताए ।

काउन्सिलले अबदेखि काउन्सिलको निर्वाचन पनि अनलाइनमार्फत गर्ने निर्णय गरेको छ । उनले सबै चिकित्सकको सहभागिता गराउन र निर्वाचन प्रक्रियालाई पारदर्शी, सहज र प्रविधिमैत्री बनाउने अनलाइनबाट मतदान गर्ने निर्णय गरिएको बताए ।

‘चिकित्सक जहाँ हुनुहुन्छ त्यहीँबाट नै अनलाइन मतदान गर्नुहुन्छ,’ उनले भने, ‘सधैँ बिरामीको उपचारमा खट्ने चिकित्सकलाई अनलाइन मतदान गर्दा निर्वाचनमा पनि धेरै चिकित्सकले सहभागिता जनाउनुहुनेछ ।’

# बसमा सवार यात्रुको निधन

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको कञ्चनपुर क्षेत्रमा यात्रुवाहक बसमा सवार एक यात्रुको मृत्यु भएको छ । भैरहवाबाट विराटनगरतर्फ जाँदै गरेको लु २ ख ३४८५ नम्बरको यात्रुबाहक बसमा सवार तिरहुत गाउँपालिका ४ डिमन घर भएका ५५ वर्षीय महेश मुखियाको बाटोमै मृत्यु भएको हो ।

उनी विगत ३–४ दिनदेखि बिरामी रहेको र उनकीश्रीमती ४५ वर्षीया दुखनी मुखियाले घर लैजाने क्रममा बसमै मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए । उनले शुक्रबार बिहान बस चालकले इलाका प्रहरी कार्यालय कञ्चनपुरमा जानकारी गराएपछि प्रारम्भिक अनुसन्धानका क्रममा घटनामा कुनै शङ्कास्पद अवस्था नदेखिएको बताए ।

मृतकको शव उनका भाइ उमेश मुखियाको जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।

# ६ महिनामा १ खर्ब १६ अर्ब ५८ करोड ८५ लाख...

भएको वीरगंज भन्सार कार्यालयले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ ।

देशकै दुई ठूला भन्सार कार्यालय वीरगंज भन्सार कार्यालय र सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालय गाभिएको ६ महिनाको अबधिमा आईसिपी भन्सारले सो परिमाणमा राजस्व संकलन गर्न सकेको प्रमुख भन्सार प्रशासक ज्ञवालीले बताए ।

प्रमुख भन्सार प्रशासक ज्ञाबलीले पेट्रोलियम पदार्थको आयातमा कमी र वर्षायाम, डुबानको कारण पनि राजस्व असुली लक्ष्य भेट्टाउन नसकिएको बताउँदै गत आर्थिक वर्षको ६ महिनाको अवधिमा भन्दा भन्दा चालु आवको ६ महिनामा भने बढी राजस्व संकलन गर्न सफलता मिलेको जानकारी दिए ।

गत आर्थिक बर्ष २०८१–८२ को ६ महिनाको अवधिमा यस भन्सारले १ खर्ब ३ अर्ब ४२ करोड २ लाख ८२ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो । सो अबधिमा अर्थमन्त्रालय भन्सार विभागले १ खर्ब ३१ अर्ब ७२ करोड ६३ लाख २७ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य तोकिएको थियो ।

वीरगंज भन्सार गतबर्षको ६ महिनाको तुलनामा चालु आर्थिक वर्ष २०८२–८३ को ६ महिनाको अबधिमा १३ अर्ब १६ करोड ८१ लाख ८१ हजार बढी राजस्व सकलन गर्न सफल भएको छ ।

चालु आर्थिक वर्ष २०८२–८३ मा वीरगंज भन्सारलाई अर्थमन्त्रालयबाट २ खर्ब ७३ अर्ब ३९ करोड ४८ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य दिईएको वीरगंज भन्सारका प्रमुख भन्सार प्रशासक बिष्णु प्रसाद ज्ञाबलीले जानकारी दिए । यता चालु आर्थिक वर्ष २०८२–८३ को मसिर महिनामा मात्रै अर्थमन्त्रालय भन्सार विभागले वीरगंज भन्सार कार्यालय (आईसीपी) लाई २१ अर्ब ९९ करोड ४६ लाख ४९ हजार रुपैयाँ राजस्व असुलीको लक्ष्य तोकेकोमा २० अर्ब २० करोड ९ लाख ७८ हजार रुपैयाँ राजस्व असुली भएको प्रमुख भन्सार प्रशासक ज्ञवालीले बताए ।

मंसिर महिनामा आईसिपी वीरगंज भन्सारले तोकिएको लक्ष्यको ९१ दशमलब ८७ प्रतिशत राजस्व असुली गरेको प्रमुख भन्सार प्रशासक ज्ञवालीले जानकारी दिए ।

# रास्वपाको बृहत पार्टी प्रवेश



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिका वडा नम्बर ३ स्थित बसन्तपुरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पोखरिया नगर कमिटीद्वारा आयोजित बृहत पार्टी प्रवेश कार्यक्रममा विभिन्न राजनीतिक दल परित्याग गरी सयौँ मतदाता रास्वपामा प्रवेश गरेका छन् । पोखरिया नगरपालिका, कालिकामाई गाउँपालिका, जगरनाथपुर गाउँपालिका तथा धोबिनी गाउँपालिकालगायत विभिन्न स्थानीय तहबाट आएका युवा, महिला, पुरुष, किशोर–किशोरी, बुद्धिजीवी, नागरिक समाजका अगुवा, निर्वाचित जनप्रतिनिधि, कार्यपालिका सदस्य तथा कानुनी क्षेत्रका व्यक्तित्वहरू रास्वपामा आवद्ध भएका हुन्।
कार्यक्रममा पोखरिया नगरपालिकाकी कार्यपालिका सदस्य चुनी देवी विन, नगरपालिकाका कानुनी सल्लाहकार हरिशंकर प्रसाद चौहान, कालिकामाई गाउँपालिका वडा नम्बर १ का वडा अध्यक्ष लालबाबु प्रसाद चौरसिया लगायत योगेन्द्र प्रसाद कुर्मी, खलिल खान, किसान पटेल, महमुद मियाँ, कनाई साह कानु, सन्तोष ठाकुर, जितेन्द्र प्रसाद, अर्मिका चौहान, पारस प्रसाद चौरसिया, अनिरुद्ध माझी, नरेस माझी, सुकट माझी, गोपाल पासवान, रामनाथ माझी, रादेव माझी, मनेजर मियाँ, राजेन्द्र मुखिया विन, विजय मुखिया विन, सारदा देवी माझी, लालमुनी देवी माझी, चमेली देवी माझीलगायत सैकडौँ व्यक्ति राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन्।
पर्सा निर्वाचन क्षेत्र नम्बर ४ मा विभिन्न दल परित्याग गरी रास्वपामा प्रवेश गर्नेहरूको लहर नै चलेको देखिएको छ। पार्टी प्रवेश गर्नेहरूले अबसम्म बाजे–बुवा र तीन पुस्तादेखि एउटै व्यक्तिलाई दिँदै आएको मत खेर गएको अनुभूति भएको बताउँदै अब परिवर्तन गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गरेका छन्। प्रदीप कुमार पटेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमोद कुमार सहनी, रमन श्रीवास्तव, प्रसुराम साह कानु, सोनालाल पटेल, मनोज प्रसाद कुर्मी, जितेन्द्र मिश्र, टेकबहादुर साक्य, प्रियंका पटेल, सुरेश यादव, लालन पटेल, दिनेश पटेल, मनु मुखिया विन, विनय प्रसाद साह, इमतियाज आलमलगायतले मन्तव्य राखेका थिए।

# पर्साका चारवटै क्षेत्रमा निर्वाचन कार्यालय स्थापना



**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन ०८२ को तयारीस्वरूप पर्सा जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएको छ। निर्वाचन प्रक्रिया व्यवस्थित, निष्पक्ष र विश्वसनीय रूपमा सञ्चालन गर्ने उद्देश्यसहित यी कार्यालयहरू स्थापना गरिएको हो।
जिल्ला समन्वय समिति पर्साको कार्यालयस्थित भौतिक पूर्वाधार कार्यालय परिसरमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। सोही परिसरभित्र पर्सा निर्वाचन क्षेत्र नम्बर २ को निर्वाचन कार्यालय पनि सञ्चालनमा आएको निर्वाचन अधिकृतले जानकारी दिएका छन्।
यसैगरी, निर्वाचन क्षेत्र नम्बर ३ को कार्यालय पोखरियास्थित विद्युत् कार्यालय परिसरमा स्थापना गरिएको छ भने निर्वाचन क्षेत्र नम्बर ४ को कार्यालय धोबिनी गाउँपालिकाको लंगडीस्थित सामुदायिक पुस्तकालयमा सञ्चालनमा आएको निर्वाचन अधिकृत नूतन झाले बताइन्।
उनका अनुसार अब प्रतिनिधिसभा निर्वाचनसँग सम्बन्धित सम्पूर्ण गतिविधि यी निर्वाचन कार्यालयमार्फत सञ्चालन हुनेछ। मतदान केन्द्र निर्धारण, मतदाता नामावली व्यवस्थापन, निर्वाचन सामग्रीको व्यवस्था, कर्मचारी परिचालन तथा अन्य प्रशासनिक एवं कानुनी प्रक्रियाहरू यही कार्यालयको समन्वयमा अघि बढाइनेछ।
निर्वाचन अधिकृतको कार्यालयले स्थानीय प्रशासन, सुरक्षा निकाय, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला निकायसँग समन्वय गर्दै निर्वाचन आयोगले तोकेको कार्यतालिकाअनुसार निर्वाचन प्रक्रिया अघि बढाइने जनाएको छ।
स्थानीय तहमा निर्वाचन व्यवस्थापन सुदृढ भएसँगै मतदाता सहभागिता बढ्नुका साथै निर्वाचन प्रक्रिया थप व्यवस्थित र विश्वसनीय हुने अपेक्षा गरिएको नूतन झाले उल्लेख गरिन्। उनले निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र मर्यादित बनाउन सबै पक्षको सहकार्य अपरिहार्य रहेको पनि बताइन्।मुख्य तथा निर्वाचन अधिकृतका कार्यालय स्थापना भएसँगै जिल्लामा प्रतिनिधिसभा निर्वाचनको औपचारिक तयारीले तीव्रता पाएको छ।
कार्यालय उद्घाटन कार्यक्रममा प्रमुख निर्वाचन अधिकृत गायत्री प्रसाद रेग्मी, प्रमुख जिल्ला अधिकारी भोला दहाल, प्रमुख सेनानी लोकेन्द्र कार्की, प्रमुख निर्वाचन अधिकृत अनमिका रौनियार, क्षेत्र नं. २ का निर्वाचन अधिकृत मधुसुधन आचार्य, क्षेत्र नं. ३ का निर्वाचन अधिकृत बुद्धदयाल श्रेष्ठ, क्षेत्र नं. ४ की निर्वाचन अधिकृत नूतन झा, उप अनुसन्धान निर्देशक सन्तोष डंगोल, जिल्ला प्रहरी कार्यालय पर्साका डीएसपी हरि बहादुर बस्नेत, सशस्त्र प्रहरी गण–१३ का डीएसपी मोहन निरौला, इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक प्रदीप पौडेल, इलाका प्रहरी कार्यालय लंगडीका प्रनानी राजकुमार घलान, सहायक निर्वाचन अधिकृत रामनरेश महतो, केदार घलान, बिनोद साहलगायतको सहभागिता रहेको थियो। निर्वाचन अधिकृत नूतन झाका अनुसार आगामी माघ ६ गते देशभरका सबै निर्वाचन क्षेत्रमा मनोनयन दर्ता हुने कार्यतालिका रहेको छ।

# महोत्तरीमा चार निर्वाचन अधिकृतको कार्यालय स्थापना

**महोत्तरी।**
प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि महोत्तरीमा शुक्रबार चार निर्वाचन क्षेत्रमा अधिकृतको कार्यालय स्थापना गरिएको छ । जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाका अनुसार जिल्ला सदरमुकाम जलेश्वरमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।
जलेश्वर निर्वाचन क्षेत्र नं ३ मा पर्दछ ।जलेश्वरको वडा नं २ मा अवस्थित जिल्ला समन्वय समितिको कार्यालयमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो । चारवटा निर्वाचन क्षेत्र रहेको महोत्तरीको निर्वाचन क्षेत्र नं १ को निर्वाचन अधिकृतको कार्यालय बर्दिबास नगरपालिका–३ स्थित बर्दिबास उद्योग वाणिज्य सङ्घमा स्थापना गरिएको छ ।
त्यस्तै, निर्वाचन क्षेत्र नं ३ का लागि जिल्लाको बलवा नगरपालिका–७ स्थित आधारभूत अस्पतालको कार्यालय बनौटामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो ।
निर्वाचन क्षेत्र नं ४ का लागि जिल्लाको रामगोपालपुर नगरपालिका–५ मा अवस्थित श्री महेन्द्र राष्ट्रिय मावि रामगोपालपुरमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको जिल्ला निर्वाचन अधिकारी झाले बताए ।
जिल्लाको निर्वाचन अधिकृतहरूको कार्यालय स्थापना कार्यक्रममा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवसहित चारवटै सुरक्षा निकायसहित सञ्चारकर्मीको उपस्थिति थियो । आसन्न निर्वाचनका लागि जिल्लामा २५८ मतदानस्थल, ५३६ मतदान केन्द्र र चार लाख ३१ हजार २८२ जना मतदाता कायम भएका छन् ।रासस

# सिरहाको गोसाइ डाँडा तालः पर्यापर्यटनको सङ्गम

**सिरहा।**
चुरे क्षेत्रको प्राकृतिक सौन्दर्य, जलसंरक्षण र स्थानीय रोजगारीलाई एउटै सूत्रमा बाँध्दै सिरहाको लहान नगरपालिका–१५ मा रहेको ‘गोसाइ डाँडा ताल’ अहिले आन्तरिक पर्यटकको नयाँ आकर्षण बन्दै गएको छ । झवाई खोल्सी क्षेत्रभित्र सामुदायिक वनको पहलमा निर्माण गरिएको यो तालले पर्यापर्यटनसँगै जलवायु अनुकूलन र स्थानीय आर्थिक उत्थानलाई एकैसाथ जोडेको छ ।
पानीमा देखिने दृश्य, चारैतिर फैलिएको हरियाली वन र तालमा डुङ्गा चढेर रमाइरहेका आन्तरिक पर्यटकहरूले झवाई खोल्सी क्षेत्रलाई अझ जीवन्त र आकर्षक बनाएको छ । पाँच वर्षअघि सामुदायिक वन उपभोक्ता समूहको पहलमा निर्माण गरिएको ‘गोसाइ डाँडा ताल’ अहिले लहान क्षेत्रकै प्रमुख आन्तरिक पर्यटकीयस्थलका रूपमा क्रमशः विकास हुँदै गएको झवाई खोल्सी चुरिया डाँडा सामुदायिक वनका अध्यक्ष लगनलाल चौधरी बताउँछन् ।
अध्यक्ष चौधरीका अनुसार हाल विशेषगरी शनिबार र सार्वजनिक बिदाका दिनमा यहाँ आन्तरिक पर्यटकको उल्लेख्य चहलपहल देखिन थालेको छ । ‘यस क्षेत्रको प्राकृतिक सौन्दर्यका कारण यहाँ आउने पर्यटकको संख्या निरन्तर बढ्दै गएको छ’, उनले भने, यदि ताल क्षेत्रको थप सौन्दर्यीकरण गर्न सकियो, डुङ्गाको संख्या बढाइयो, बालबालिकाका लागि चिल्ड्रेन पार्क, पर्यटक विश्रामका लागि गोलघर तथा अन्य आवश्यक संरचना निर्माण तथा भएका संरचनाको स्तरोन्नति गर्न सकियो भने झवाई खोल्सीलाई निकट भविष्यमा मधेस प्रदेशकै नमूना पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना प्रबल छ ।



पूर्वपश्चिम राजमार्गअन्तर्गत लहान बजारबाट करिब १० किलोमिटर उत्तरमा अवस्थित यो ताल झण्डै दुई बिघा क्षेत्रफलमा फैलिएको छ । तालको चारैतिर रहेका साना–ठूला पोखरीहरूले यस क्षेत्रको प्राकृतिक सौन्दर्य अझै बढाएको छ ।चुरे क्षेत्रको सिमसार क्षेत्रलाई संरक्षण गर्दै जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने उद्देश्यले ताल निर्माण गरिएको हो ।
चुरे क्षेत्रमा भूमिगत पानीको सतह घट्दै गएको सन्दर्भमा गोसाइ डाँडा तालले महत्वपूर्ण भूमिका खेलेको छ । विशाल तालको पानीले ‘वाटर रिचार्ज’को काम गर्नुका साथै सिमसार क्षेत्रको संरक्षणमा सहयोग पुगेको वडाध्यक्ष तेजुलाल चौधरीको भनाइ छ । उनले भने, यस प्रकारका ताल र पोखरीले चुरे क्षेत्रको जलाधार संरक्षणमा दीर्घकालीन योगदान पु¥याउँछन् । त्यसैले यस्ता जलाधार क्षेत्रको संरक्षणमा हामीले विशेष ध्यान दिएका छौँ । स्थानीयलाई प्रोत्साहन गरेका छौँ ।
गोसाईं डाँडा तालको सिमसार क्षेत्रको पानीलाई सङ्कलन गरी आवश्यकताभन्दा बढी पानी सिँचाइका लागि प्रयोग गर्ने सम्भावनाको अध्ययनपछि भूसंरक्षण तथा सिँचाइ कार्यालयले यहाँ लगानी गरेको छ । झवाई खोल्सीको पानी प्रयोग गरी बानोगाउँका किसानले तरकारी, गहुँ, धानलगायत बाली उत्पादन गर्न थालेपछि थारू र मुसहर समुदायको जीवनस्तरमा सुधार आएको छ ।
यस क्षेत्रको विशेषता भनेकै स्थानीय थारू र मुसहर समुदायको सक्रिय सहभागिता हो । सामुदायिक वनको संरक्षण, तालको व्यवस्थापन र सौन्दर्यीकरणमा स्थानीयकै अग्रसरताले यो क्षेत्र उदाहरणीय बन्दै गएको छ । झवाई खोल्सी संरक्षण समितिका सचिव आनन्दलाल चौधरीका अनुसार खोल्सी दहमा माछापालन गरेर वार्षिक करिब रु दुई लाख आम्दानी भइरहेको छभने वनको डालापात र दाउरा बिक्रीबाट थप रु पाँच लाख आम्दानी हुने गरेको छ । ‘यसले सामुदायिक वनको दिगो व्यवस्थापनसँगै स्थानीयको आयआर्जनमा ठोस टेवा पुगेको छ’ उनले बताए ।
ताल क्षेत्रमा बोटिङ, विश्रामस्थल, घुम्ने बाटो, शौचालय, वनभोजस्थलजस्ता संरचना निर्माण भइसकेका छन् । यस सामुदायिक वनका अध्यक्ष चौधरीका अनुसार महादेव र हनुमान मन्दिर निर्माण अन्तिम चरणमा रहेको छभने भविष्यमा भ्यूटावर निर्माण गर्ने योजना पनि रहेको छ ।
तालको बीचमा रहेको जमिनले यसलाई अझै आकर्षक बनाएको स्थानीय बताउँछन्, जसका कारण यहाँ आउने पर्यटकलाई पोखराको फेवातालको झल्को मिल्ने गरेको छ । स्थानीय बासिन्दा अशोक चौधरी बताउनु हुन्छ तालको बीचमा देखिने यो जमिनले यहाँको दृश्य निकै फरक र सुन्दर बनाएको छ । धेरैले त पहिलोपटक देख्दा फेवातालजस्तै लागेको प्रतिक्रिया दिनुहुन्छ, यही कारण यहाँ आउने पर्यटक झन् आकर्षित भइरहेका छन् ।
लहान नगरपालिकाले झवाई खोल्सी डाँडामा शिव मन्दिर निर्माण, गाउँसम्म पुग्ने सडक ढलान तथा थारू परिकारमार्फत पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले थारू संस्कृति होमस्टे व्यवस्थापनसमेत सुरु गरिसकेको छ । यस क्षेत्रको थप विकासका लागि बाधक बनिरहेको बानो खोलामा पुल निर्माणको काम सुरु भइसकेको छ । पुलका लागि आवश्यक पिलर निर्माण भइसकेको र आगामी असार मसान्तसम्म बाँकी काम सम्पन्न गर्ने लक्ष्य राखिएको नगरप्रमुख महेशप्रसाद चौधरीले जानकारी दिए । उनका अनुसार पुल निर्माणका लागि रु ३५ लाख बजेट विनियोजन गरिएको छ ।
झवाई खोल्सी क्षेत्रलाई प्राकृतिक पर्यटकीयस्थलका रूपमा विकास गर्न लामो समयदेखि पहल भइरहे पनि यस क्षेत्रबाट निर्वाचित नेपाली कांग्रेसका नेता स्वर्गीय प्रदीप गिरीले स्थलगत भ्रमण गरी बजेट विनियोजन गरेपछि मात्र स्थानीय र प्रदेश सरकारको ध्यान केन्द्रित भएको सामुदायिक वनका अध्यक्ष चौधरीले स्मरण गरे ।
उनका अनुसार लहानकै राजदेवी र हात्ती दहजस्ता प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल आउने पर्यटकलाई झवाई खोल्सी हुँदै गोसाइ डाँडा तालसम्म ल्याउने उद्देश्यका साथ काम भइरहेको छ । उनले भने, ‘पर्याप्त प्रचारप्रसार गर्न सके संरक्षण, पर्यटन र समृद्धिलाई एउटै सूत्रमा बाँध्दै अघि बढिरहेको गोसाइ डाँडा ताल अब केही वर्षभित्रै मधेस प्रदेशकै नमूना पर्यापर्यटन गन्तव्य बन्ने अपेक्षा गरेका छौँ’ ।रासस

# निर्वाचन प्रहरी बन्ने होड, मागभन्दा दोब्बर बढी आवेदन

**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पर्सा जिल्लामा आह्वान गरिएको निर्वाचन प्रहरी भर्नामा अपेक्षाभन्दा धेरैको आकर्षण देखिएको छ। मागभन्दा झण्डै दोब्बर बढीले आवेदन दिएपछि निर्वाचन प्रहरीप्रति युवालगायत विभिन्न उमेर समूहको चासो उच्च देखिएको हो।
निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समिति पर्साले नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैतर्फ गरी दुई हजार ८५२ जनाको आवेदन माग गरेको थियो। तर, नेपाल प्रहरीतर्फ मात्र पाँच हजार ३९९ जनाले आवेदन दिएका छन्। सशस्त्र प्रहरीतर्फ ३८५ जना निर्वाचन प्रहरी माग गरिएकामा माघ १ गतेसम्म ५२१ जनाको आवेदन परेको छ। जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता हरिबहादुर बस्नेतका अनुसार निर्वाचन प्रहरीका लागि उल्लेखनीय रूपमा आवेदन परेको छ। उनका अनुसार पहिलो पटक आवेदन दिने पुरुष तीन हजार १४७ जना र महिला ६०३ जना रहेका छन्। यसैगरी, विगतमा म्यादी प्रहरीको रूपमा काम गरिसकेका ६८७ जना पुरुष र १५३ जना महिलाले पुनः आवेदन दिएका छन्। पूर्वसुरक्षाकर्मीको तर्फबाट १२ जना पुरुष तथा विदेशी सेनाबाट अवकाश प्राप्त एक जनाले पनि आवेदन दिएका छन्।
सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी मोहन निरौलाले निर्वाचन प्रहरीमा युवादेखि अन्य उमेर समूहसम्मको आकर्षण रहेको बताए । सशस्त्र प्रहरीतर्फ माघ ३ गतेसम्म आवेदन दिन सकिने व्यवस्था गरिएको उनले जानकारी दिए ।
यस्तै, छिमेकी जिल्ला रौतहटमा पनि निर्वाचन प्रहरी बन्ने उत्साह व्यापक देखिएको छ। रौतहट जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरीतर्फ गरी जम्मा छ हजार ७३६ जनाको आवेदन परेको छ। तीमध्ये पाँच हजार ३४८ जना पुरुष र ९३६ जना महिला रहेका छन्। रौतहटमा नेपाल प्रहरीतर्फ तीन हजार ४६६ जना र सशस्त्र प्रहरीतर्फ ३८५ जनाको आवेदन माग गरिएको थियो।
यता सप्तरी जिल्लामा सात हजार ४ सय ४४ जनाको आवेदन दर्ता गराएका छन् । नेपाल प्रहरीतर्फ कुल ६ हजार ३ सय २७ जनाले आवेदन दिएकोमा पुरुष पाँच हजार २२ र महिला एक हजार ३ सय ५ जना रहेका छन् । यसैगरी सशस्त्र प्रहरी तर्फ ९ सय ८३ पुरुष र १ सय ३४ जना महिला गरी एक हजार १ सय १७ जनाले आवेदन दिएका हुन् ।
निर्वाचनका लागि नेपाल प्रहरीमा तीन हजार ८ सय ३७ तथा सशस्त्र प्रहरी बल नेपालमा ३ सय ८५ गरि जम्मा चार हजार २ सय २२ जना निर्वाचनलाई लक्षित गरी जिल्लाका लागि निर्वाचन प्रहरी पदका लागि आवेदन माग गरिएको थियो ।

# गढीमाई प्रिमियर लिगः सानो पाइलाको लगातार दोश्रो जित

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २० अपौनीमा जारी दोस्रो गढीमाई प्रिमियर लिगमा सानो पाइला पर्सा टस्कसले लगातार दोस्रो जित दर्ता गरेको छ । शुक्रवार सम्पन्न खेलमा सानो पाइलाले तामाश्री नेपाललाई १० विकेटले पराजित गर्दै प्रतियोगितामा आफ्नो सुखद सुरुआतलाई निरन्तरता दिएको हो ।
टस जितेर ब्याटिङ गरेको तामाश्री नेपाल १५.२ ओभरमा ९० रनमै अलआउट भएको थियो ।सामान्य लक्ष्य पछ्याउने क्रममा सानो पाइलाका ओपनरहरू नै निर्णायक बने । ओपनर सोहेब अख्तरले २८ बलमा ३ छक्का र ४ चौका प्रहार गर्दै ४३ रन जोडे भने अर्का ओपनर बिक्रमले १९ बलमा १ छक्का र ४ चौकासहित २८ रन बनाए ।
सानो पाइलाले ९.२ ओभरमै ९१ रन बनाउँदै सहज जित हात पारेको हो । सानो पाइला पर्सा टस्कसका सोहेब अख्तर खेलको म्यान अफ दि म्याच घोषित भए । उनलाई आयोजक चेक नेपालका अध्यक्ष दामोदर यादव र नेपाली कांग्रेस पर्साका कार्यबाहक सभापति रामनारायण कुर्मीले नगद एक हजार रुपैयाँ प्रदान गरे ।
सोहेबले ब्याटिङसँगै बलिङतर्फ पनि उत्कृष्ट प्रदर्शन गर्दै ३ ओभरमा जम्मा १३ रन खर्चिएर २ विकेट लिएका थिए ।

## सम्पादकीय

# नेपाली कांग्रेसमा देखिएको विवादको उग्ररुप

नेपाली कांग्रेसको आधिकारिकता झनै विवादमय बन्दै गएको छ। पार्टीभित्रको आन्तरिक द्वन्द्व अब संस्थागत बहसभन्दा बाहिर निस्कँदै निर्वाचन आयोगसम्म धम्की र नाराबाजीको तहमा पुगेको छ। कार्यबाहक सभापति पूर्णबहादुर खड्काबाट आएको आयोगप्रति कडा अभिव्यक्तिले कांग्रेसको जिम्मेवार राजनीतिक चरित्रमाथि नै प्रश्न उठाएको छ। लोकतन्त्रको रक्षा गर्ने दाबी गर्दै आएको पार्टी स्वयम् संवैधानिक निकायमाथि दबाब सिर्जना गर्ने भाषामा उत्रिनु गम्भीर विषय हो। आधिकारिकताको विवादले कांग्रेसलाई संगठनात्मक रूपमा मात्र होइन, नैतिक रूपमा पनि कमजोर बनाएको छ।

एकातिर महाधिवेशनको वैधता र नेतृत्वको दाबी, अर्कातिर कारबाही, निष्कासन र प्रतिकार—यी सबैले पार्टीलाई चुनावी तयारीभन्दा आन्तरिक संघर्षमा अल्झाइरहेका छन्। निर्वाचन आयोग परिसरमै देखिएको दुई पक्षको नाराबाजीले कार्यकर्तामा उत्साहभन्दा अन्योल र निराशा बढी पैदा गरेको छ। माघ ६ गते उम्मेदवारी दर्ता शुरु हुँदैछ। तर कांग्रेस अहिलेसम्म एउटै स्पष्ट राजनीतिक अनुहार र सन्देश लिएर जनतामाझ जान सकेको देखिँदैन। आधिकारिकताको टुंगो नलागे उम्मेदवार छनोट, चुनाव चिह्न, प्रचार संयन्त्र र गठबन्धन समन्वय सबै प्रभावित हुनेछन्। यस्तो अवस्थामा कांग्रेस चुनावमा ‘एक दल’ भन्दा पनि ‘दुई धार’ का रूपमा प्रस्तुत हुने जोखिम बढ्दै गएको छ। निर्वाचन आयोले आधिकारिता एउटालाई दिंदा अर्को पक्ष त फेरि सडक र सर्वोच्चमा जानु पर्ने हुन्छ टिकट लिएर जनतामा जानु पर्ने बेला।

चुनावी मैदानमा कांग्रेसको प्रस्तुति अब दुई सम्भावनामा अडिएको छ। पहिलो, अन्तिम क्षणमा समझदारी गरेर विवादलाई संस्थागत रूपमा व्यवस्थापन गर्ने र आन्तरिक मतभेदलाई छोप्दै चुनावी प्रतिस्पर्धामा उत्रिने। दोस्रो, विवाद यथावत् रहेमा कांग्रेसको मत विभाजन हुने, कार्यकर्ता निष्क्रिय हुने र प्रतिस्पर्धी दललाई फाइदा पुग्ने। इतिहासले देखाइसकेको छ—कांग्रेस जब आन्तरिक कलहमा फस्यो, उसले चुनाव मात्र होइन, राजनीतिक विश्वसनीयता पनि गुमायो। अब कांग्रेसका लागि सबैभन्दा ठूलो परीक्षा नेतृत्वको संयम, संवैधानिक मर्यादा र राजनीतिक परिपक्वताको हो। निर्वाचन आयोगसँग टकराव होइन, संवाद; नाराबाजी होइन, निर्णय; धम्की होइन, विश्वास—यिनै आधारमा मात्रै कांग्रेस चुनावी राजनीतिमा सम्मानजनक रूपमा प्रस्तुत हुन सक्छ। माघ ६ नजिकिँदै गर्दा कांग्रेसले अझै समय छ भन्ने ठानेर विवाद थप्ने होइन, टुंगो लगाउने दिशामा प्रयोग गर्न नसके यसको मूल्य चुनावी परिणामले चर्को रूपमा चुकाउनेछ।

# शिक्षामा स्वजागरणको अभ्यास



**कमला झवाली**

भगवान् गौतमबुद्धको भनाइमा स्वयम्लाई चिन्नु वास्तविक शिक्षा हो। भगवान् गौतमबुद्ध स्वयम्लाई चिनेको र स्वजागृत भएको व्यक्ति हो कुनै औपचारिक शिक्षा र जिपिए प्राप्त व्यक्ति होइन। हरेक व्यक्तिभित्र अन्तरनीहित प्रतिभा–जीवन ऊर्जा रहेको हुन्छ। त्यो जीवन ऊर्जालाई जगाउने काम मात्र शिक्षाको हो। हरेक व्यक्ति स्वयम् आफैँबाट जाग्यो भने मात्र राष्ट्र जाग्छ, समृद्धि हुन्छ। हरेक व्यक्तिमा खुसी, शान्ति, आनन्द, आरोग्य छ तर प्रस्फुटन हुन सकेको छैन। त्यसैले व्यक्तिले ती चिज पैसा, धन, सामग्री, पद, प्रतिष्ठा, इज्जत र बाहिरी संसारमा खोजिरहेको छ तर प्रकृतिमा त्यस्तो छैन। धनले स्वास्थ्य, खुसी, शान्ति र आनन्द खरिद गर्न सक्दैन। हरेक व्यक्ति आफूभित्रबाटै जागृत हुनुपर्छ। त्यो जागृति शिक्षाबाट मात्र सम्भव छ। हामीकहाँ विषयगत ज्ञानको कमी होइन, आत्मज्ञानको कमी छ। म को हुँ, मेरो जिम्मेवारी के हो, मेरो कर्तव्य के हो, मेरो क्षमता के हो र सत्य के हो भन्ने प्रश्नको जवाफ स्वयम्ले दिनसक्नु नै आत्मज्ञान हो। आत्मज्ञानबिनाको विषयगत ज्ञान कामयावी हुन सक्दैन। वर्तमान परिस्थितिलाई हेर्ने हो भने शिक्षाले खुसी, शान्ति, आनन्द र आरोग्य दिन नसकेको प्रस्ट देखिन्छ।

कुनै पनि देशको विकास हुन शिक्षा राम्रो हुनुपर्छ। विकसित देशमा शिक्षाले व्यक्तिलाई स्वजागरण गराउन सकेको देखिन्छ। विकसित राष्ट्रमा व्यक्तिको सकारात्मक सोच, उच्च मनोबल–आत्मबल, साहस, लगनशीलता, अनुशासनबाट यो कुरा प्रष्ट हुन्छ। जीवनलाई सुगन्धित बनाउन तीन कुरा भन्न सक्नुपर्छः धन्यवाद, क्षमा मलाई थाहा छैन। यी तीन चिजले मानिसलाई अन्तरात्मादेखि खुसी, शान्ति, आनन्द र आरोग्यता प्रदान गर्छन्। जीवनमा सत्य, निष्ठा, नैतिकता र इमान्दारीलाई बढाउँछन्। अहिले हाम्रो मुलुकमा हुनुपर्ने काम भइरहेको छैन भने नहुनुपर्ने काम नै धेरै हुनुमा शिक्षाले स्वजागरण गराउन नसक्नु हो।

हामीकहाँ हेराइभन्दा सोचाइमा समस्या छ। आफूमा समस्या छ र समाधान पनि आफूभित्र नै छ। बाहिरै समस्या देख्ने र बाहिरबाटै समाधान खोजेका कारण सुधार नभएको हो। ठूलो काम गर्न खोजियो भने गर्न सकिँदैन। सानो कामबाट सुधार गरियो भने देश विकसित र समृद्ध हुन कतिबेर लाग्दैन। परिवर्तन आफूबाट शुरु गर्नुपर्छ तबमात्र वास्तविक परिवर्तन हुन्छ। परिवर्तनको सुधार आफैँबाट शुरु गर्नुपर्छ। आफू बदलिएर देखाउनेले संसार बदलेका छन्। अरुलाई बदल्न खोज्ने डिप्रेसनको सिकार बनेका छन्। आफू जागृत भएको व्यक्तिमा रिस, लोभ, इष्र्या, घृणा हुँदैन, हुन्छ त केबल इमान्दारी, नैतिकता, अनुशासन, आत्मविश्वास, लगनशीलता, सत्य, निष्ठा जुन देश विकासका लागि आवश्यक स्तम्भ हुन्।

शिक्षामा स्वजागरणको पहिलो आवश्यकता खुसी, शान्ति, आनन्द र आरोग्यक हो, सिकाइ उपलब्धिको औसत प्राप्ति मात्र हैन। स्वजागरणले मात्र सिकाईको उपलब्धि राम्रो हुन्छ। सर्वप्रथम शिक्षक खुसी हुनुपर्छ, जसले जे बाढ्यौँ त्यही पाइन्छ। शिक्षक खुसी नभई विद्यार्थीलाई खुसी बनाउन सकिँदैन। त्यसैले धन आर्जन हैन, ध्यान आर्जन गर्न सिकाउनुपर्छ। सम्पत्ति जोड्न हैन, असल संस्कार र सम्बन्ध जोड्न सिकाउनुपर्छ। अहिले शरीरमा भन्दा मनमा, मनमा भन्दा भावनामा र भावनामा भन्दा गहिरो समस्या चेतना–आत्मामा देखिन्छ। शरीरले स्वास्थ्य, मनले खुसी, भावनाले शान्ति र चेतनाले आनन्द खोज्छ। शरीरका लागि व्यायाम, मनका लागि प्राणायाम, भावनाका लागि सत्सङ, भक्ति, भजन–सङ्कीर्तन, समर्पण र चेतनाका लागि ध्यान आवश्यक पर्छ। यसले स्वयम्लाई चिन्न मद्दत गर्छ। आजको आवश्यकता स्वयम्को शिक्षामा स्वजागरण हो। मानिस खुसीका लागि औषधि प्रयोग गरिरहेका हुन्छन्। औषधि भनेको दबाइ हो, जसले स्वास्थ्यलाई दबाउँछ र नयाँ स्वास्थ्य समस्या जन्माउँछ। प्रकृतिमा अद्भूत नियम छ। चौरासी ब्यञ्जन बनाउन सकिन्छ तर भोक किन्न सकिँदैन। महँगो विस्तारा बनाउन सकिन्छ तर निद्रा किन्न सकिँदैन। त्यसैले भौतिक चिजवस्तुभन्दा अभौतिक, देख्न नसकिने, छुन नसकिने चिज अमूल्य छन्। यी कुरा प्राप्त गर्नु नै असली जीवन हो।

**जिम्मेवारी कसको हो ?**

*शिक्षा खुसी, आत्मदीप्ति र सकारात्मक ऊर्जाका लागि हो। त्यसका लागि शिक्षा क्षेत्रका सरोकारवालाले निम्नलिखित भूमिका निर्वाह गर्न सक्नुपर्छः*

**(क) अभिभावकले के गर्ने ?**

बालबालिकाको पहिलो शिक्षा आमाको गर्भबाट शुरु हुन्छ। त्यसैले गर्भावस्थाबाट नै बालबालिकालाई कस्तो बनाउने हो त्यसै खालको आहार–विहार, विचार पद्धति अपनाउनुपर्छ। आमा नै असल संस्कार सिकाउन सक्ने पहिलो गुरु हुन्। आमाबुबा सन्तानका लागि ऐना हुन्। आमाबुबा संस्कारी भए मात्र सन्तान संस्कारी हुन्छन्। रोगमुक्त शरीर तनावमुक्त मन र हिंसामुक्त समाज निर्माणका लागि घरपरिवारको वातावरणले महत्वपूर्ण भूमिका निर्वाह गर्छ। असल सन्तानका लागि असल आमाबुबा हुनुपर्छ। प्रशंसाले आत्मबलको विकास हुन्छ भने अभावमा हुर्केको बालकले हरेक कुराको मूल्य थाहा पाउन सिक्छ। त्यसैले बालबालिकालाई कस्तो बनाउने पहिलो भूमिका अभिभावकमा निर्भर रहन्छ। घरको वातावरणले सिकाइमा प्रत्यक्ष प्रभाव पार्छ। हामीले सच्चा अभिभावक बन्न सक्नुपर्छ। भनिन्छ आठ वर्ष पूरा हुदाँसम्म बालबालिकाको ८० प्रतिशत मात्र मानसिक विकास भएको हुन्छ। त्यसैले प्रारिम्भक बालविकासमा लेखाउनु हुँदैन हाम्रा अविभावकहरु गृहकार्य धेरै खोजिरहनु भएको छ। त्यसैले पहिलो जागरण अविभावकमा ल्याउनुपर्छ। हस्तरेखाको पूर्ण रुपमा विकास नभई लेखाउँदा बालबालिकामा आत्मबल कमजोर, बेखुसी, अशान्ति र आरोग्यता घट्दै जान्छ।

**(ख) विद्यालयले के गर्ने ?**

बालबालिकाको दोस्रो घर विद्यालय हो। विद्यालयमा बालबालिकालाई आत्मदीप्ति गराउने दायित्व शिक्षकको हुन्छ। यसका लागि शिक्षकमा स्वजागृति हुनुपर्छ। स्वजागरण भएको शिक्षकले मात्र आफ्ना बालबालिकालाई स्वजागरण गराउन सक्छ। त्यसैले शिक्षक खुसी, शान्त, आनन्दित र आरोग्य बन्नुपर्छ। खुसी शिक्षकले मात्र खुसी बाँड्न सक्छ। अहिले शिक्षाले यी कुरा दिन सकेको देखिँदैन। शिक्षक स्वउत्प्रेरित भएको पाइँदैन। शिक्षक जस्तो हुन्छ, विद्यार्थी त्यस्तै हुन्छ। शिक्षक बालबालिकाको ऐना हुन्। संस्कारी शिक्षक भए मात्र विद्यार्थी संस्कारी बन्छ। विद्यार्थीले सबैभन्दा बढी शिक्षकले भनेका कुरामा विश्वास गर्छन्। त्यसैले सर्वप्रथम शिक्षक आफैँमा स्वजागरण हुनु जरुरी छ।

शिक्षकमा सुधार नभएसम्म शिक्षामा सुधार गर्न सकिँदैन। प्रारम्भिक बालविकासमा बालबालिकालाई गृहकार्य दिनुभन्दा संस्कार सिकाउनु आवश्यक छ। उनीहरूलाई खुसी हुन, शान्त हुन, आनन्दित हुन र आरोग्य हुन सिकाउनु आवश्यक छ। यस तहमा शारीरिक, मानसिक, भावनात्मक, आध्यात्मिक विकास पूर्ण रूपमा गराउने क्रियाकलाप मात्र गराउनुपर्छ। पाठ्यपुस्तक पढाउने लेखाउने होइन जीवन पढाउनुपर्छ। प्रारम्भिक बालविकासका बालबालिकालाई जीवन ऊर्जा जगाउन सकियो भने जीवन खुसी, शान्त, आनन्द र स्वस्थ भएर सत्य निष्ठा र इमान्दारीको विकास हुन्छ। हरेक मानिस शान्त नभई देशमा क्रान्ति आउँदैन। त्यसैले सर्वप्रथम प्रारम्भिक बालविकास तथा शिक्षालाई सुधार गरौँ। समस्याको मूल केन्द्र मन हो। समस्या र समाधान त्यसमै हुन्छ।

प्रत्येक व्यक्तिमा आफ्नो जीवन–भविष्य निर्माण गर्ने सामथ्र्य हुन्छ। आफूले म को हुँ भनेर नचिनेसम्म समस्या समाधान हुँदैन। यसर्थ विद्यालयलाई सिकाइ केन्द्र बनाऔँ। शिक्षामा सीपलाइ जोडौँ। त्यसका लागि एक विद्यालय एक उद्यम कार्यक्रमको अभियान चलाउनुपर्छ। विद्यालयलाई परिवर्तनको केन्द्र–रोजगार केन्द्र बनाउनुपर्छ। भक्तपुरको चाँगुनारायण नगरपालिका–८ स्थित महेन्द्रग्राम माविमा प्रत्येक शुक्रबार कपाल काट्ने अभियान शुरु भएको छ। यसलाई सबै विद्यालयहरुले कार्यान्वयनमा ल्याउन कोशिस गर्नुपर्छ।

**(ग) स्थानीय सरकारले के गर्ने ?**

सङ्घीय शासन व्यवस्थाले शिक्षाका २३ वटा अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ। त्यसैले आफ्नो कार्यक्षेत्रमा शिक्षा कस्तो बनाउने र नीतिगत, कानुनी, संस्थागत, संरचनागत पक्षको विकास कसरी गर्ने भन्ने जिम्मेवारी स्थानीय सरकारको हो। स्थानीय सरकार राम्रो, समृद्ध हुन शिक्षा राम्रो हुनुपर्छ। जुन देशको शिक्षाले व्यक्तिलाई आत्मदीप्ति गर्न सक्यो त्यो देश आज विश्वको प्रथम स्थानमा रहेको छ। निष्ठा, सत्य, नैतिकता, सहचरित्रता, इमान्दारीको जग स्थानीय सरकारबाट शुरु हुनुपर्छ। आआफ्नो क्षेत्रमा शिक्षकलाई उत्प्रेरित–प्रोत्साहन हुने गरी काम गर्नसकेमा मात्र सुधार सम्भव छ।

**(घ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले के गर्ने ?**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय राम्रो नभएसम्म अरू मन्त्रालयका काम राम्रो हुन सक्दैनन् किनभने हरेक व्यक्तिलाई जगाउने काम यही मन्त्रालयको हो। प्रत्येक व्यक्तिमा रहेको अन्तरनीहित प्रतिभा (जीवन ऊर्जा) प्रस्फुटन नभएसम्म देशमा समृद्धि आउन सक्दैन। कुनै पनि देशको समृद्धि भनेको शिक्षाको राष्ट्रिय नीति, नियम, कानुन कार्यक्रममा भर पर्छ। सबैभन्दा उत्कृष्ट पेसा शिक्षण पेसालाई बनाउने गरी नीतिगत, कानुनी, संस्थागत, संरचनागत सुधार गर्नुपर्छ। स्रोतभन्दा सोचमा समस्या छ। अब हामीले स्वजागरणमा केन्द्रित गरेर शिक्षा परियोजना ल्याउनुपर्छ। तालिमका प्याकेजमा स्वजागरणका विषयवस्तु समेट्नुपर्छ। विषयगत ज्ञानभन्दा आत्मज्ञानका विषयवस्तुमा केन्द्रित गरेर पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक तालिम प्याकेज बनाई त्यसैअनुरूप शैक्षिक जनशक्ति उत्पादन गर्नुपर्छ।

शिक्षालाई सीप, सीपलाई श्रम, श्रमलाई उत्पादन, उत्पादनलाई बजार, बजारलाई रोजगारी र रोजगारीलाई समृद्धिसँग जोड्नका लागि विद्यालयलाई परिवर्तनको केन्द्र बनाउनुपर्छ। सीपबिनाको शिक्षाले शैक्षिक बेरोजगारीलाई मात्र बढाउँछ त्यसैले ‘एक विद्यालयमा एक उद्यम कार्यक्रम’ को अभियानमार्फत शिक्षामा सीपलाई जोड्दै जानुपर्छ। कम्तीमा १० कक्षा पास भएर निस्कँदा एउटा सीपको क्षमता प्रत्येक बालबालिकाले पाउने गरी मन्त्रालयले काम गर्नुपर्छ। सीपबिनाको प्रमाणपत्र संसारमा बिक्दैन। विद्यालयलाई शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखाना बनाउने होइन कि रोजगारी उत्पादन गर्ने रोजगार केन्द्र बनाउनुपर्छ। संस्कार र सीपयुक्त शिक्षा हामी सबैको इच्छा भन्ने नारा तय गरी कार्यक्रम अगाडि बढाउनुपर्छ। विषयगतभन्दा आत्मज्ञानमा केन्द्रित भएर मन्त्रालयले बजेट, नीति, कार्यक्रम ल्याउन ढिला भइसकेको छ। संस्कार र सीपयुक्त शिक्षा हामी सबैको इच्छा’ भने नारा तय गरी शिक्षाले अबका कार्यक्रम सञ्चालन गर्नुपर्छ। ४० प्रतिशत बालबालिकामा १४ वर्षभित्रै मानसिक समस्या शुरु हुन्छ। १६–४० वर्षका १९ जना युवाले दैनिक आत्महत्या गरेको मुख्य कारण बेखुसी र तनाब नै हो। रोगमुक्त शरीर, तनावमुक्त र हिंसामुक्त समाज निर्माणका लागि अहम् भूमिका शिक्षाको हो। शिक्षाले मात्र आत्मदीप्ति गराउन सक्छ। स्वजागरण जागेको प्रत्येक व्यक्तिले मात्र सत्य बुझ्न सक्छ। अबको शिक्षाको गन्तव्य शिक्षामा स्वजागरण नै हो। आफूलाई बदल्नेले मात्र संसार बदल्न सक्छ।

**निष्कर्ष**

शिक्षा विषयगत ज्ञानको सञ्चय मात्र नभई स्वयम्लाई चिन्ने, आत्मज्ञान प्राप्त गर्ने र अन्तरनीहीत जीवन ऊर्जालाई जागृत गराउने प्रक्रिया हो। हरेक व्यक्तिभित्र खुसी, शान्ति, आनन्द र आरोग्य विद्यमान भए पनि स्वजागरणको अभावका कारण मानिसले ती मूल्य बाहिरी धन, पद र प्रतिष्ठामा खोजिरहेको छ। आत्मज्ञानबिनाको शिक्षा प्रभावहीन हुन्छ र यही कमजोरीका कारण वर्तमान शिक्षा प्रणालीले व्यक्ति र समाजलाई सन्तुलित, खुसी र नैतिक बनाउन सकेको छैन। राष्ट्रको समृद्धि व्यक्तिगत स्वजागरणबाट शुरु हुन्छ। सोचाइ र चेतनामा परिवर्तन नगरी संरचना र स्रोत मात्र सुधारेर समस्या समाधान हुँदैन। परिवर्तन सानो कामबाट, आफूबाट शुरु हुनुपर्छ।

स्वजागृत व्यक्ति मात्र इमान्दार, अनुशासित, नैतिक र आत्मविश्वासी हुन्छ, जसले समाज र राष्ट्र निर्माणमा सकारात्मक योगदान दिन सक्छ। त्यसैले शिक्षाको मूल्याङ्कन खुसी, शान्ति, आनन्द र आरोग्यका आधारमा हुनुपर्छ। अभिभावक, शिक्षक, विद्यालय, स्थानीय सरकार र मन्त्रालय सबैले स्वजागरण केन्द्रित दृष्टिकोण अपनाउनुपर्छ। विशेषतः शिक्षक स्वयम् खुसी र स्वजागृत नभएसम्म विद्यार्थीमा स्वजागरण सम्भव हुँदैन। प्रारम्भिक बालविकासदेखि नै जीवन सीप, संस्कार, आत्मज्ञान र सीपयुक्त शिक्षा दिनु अनिवार्य छ। शिक्षा खुसी, आत्मदीप्ति, शान्ति र सकारात्मक ऊर्जाका लागि हुनुपर्छ। ‘संस्कार र सिपयुक्त शिक्षा’मार्फत आत्मज्ञान र स्वजागरणलाई शिक्षाको केन्द्र बनाइएन भने न त व्यक्तिगत जीवन सुधार हुन्छ, न समाज र राष्ट्र नै समृद्ध बन्छ। आफूलाई बदल्ने व्यक्तिले मात्र संसार बदल्न सक्छ भन्ने मान्यतासहित अबको शिक्षाको अन्तिम गन्तव्य शिक्षामा स्वजागरण नै हो।

# ‘चूनपहरा चट्टान’ आरोहण प्रशिक्षण केन्द्र

**मिला दरै/रासस**

पृथ्वी राजमार्गको मुग्लिन–पोखरा सडकखण्डअन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका–४ विमलनगरस्थित चुनपहरामा अचेल आरोहण गर्नेहरुको चहलपहल देखिन्छ। हिउँद याममा यहाँ उल्लेख्य मात्रामा चट्टान आरोहण गर्न आउने गरेका छन्। हिमाल आरोहणमा जानुभन्दा अघि आरोहीले चुनपहरा चट्टान आरोहण गर्ने गरेका छन्। त्यसैले पछिल्लो समय चुनपहरा चट्टान प्रशिक्षण केन्द्र बनेको छ।

पर्वतीय पथ प्रदर्शक उत्पादन गर्ने उद्देश्यले विभिन्न सङ्घसंस्थाबाट तालिम लिइरहेका प्रशिक्षार्थीलाई चट्टान आरोहण प्रशिक्षण दिने स्थल बनेको छ। चुनपहरा पथ प्रदर्शक मात्रै नभई नेपाल प्रहरीका जोखिम उद्धार टोली उत्पादनका लागि प्रशिक्षण लिने स्थल बनेको छ। नेपाल पर्वतीय पदयात्राका निम्ति उपयुक्त स्थान मानिन्छ। यहाँ आउने विदेशी पर्यटकलाई आकर्षित गर्न तथा दक्ष पर्वतीय पथ प्रदर्शक उत्पादन गर्ने लक्ष्य रहेको सिद्ध गुफा संरक्षण समितिका संस्थापक अध्यक्ष लालकुमार श्रेष्ठले जानकारी दिनुभयो। ‘यहाँ विदेशी तथा स्वदेशी साहसिक खेलाडी समय समयमा चट्टान आरोहणका लागि आउने गरेका छन्। कम्पनीले दक्ष तथा अनुभवी पथ प्रदर्शक उत्पादन गरिरहेका छन् भने नेपाल प्रहरीको जोखिम उद्धारका लागि तालिम केन्द्र बनेको छ,’ श्रेष्ठले भन्नुभयो, ‘विगतमा सडक विस्तारको क्रममा पहरा कटान गर्ने योजना थियो, पछि हामीले साहसिक खेलको प्रशिक्षण केन्द्र बनायौँ।’

साहसिक खेलका रुपमा रहेको रक क्लाइम्बिङको विकास गर्दै यसलाई आयआर्जनसँग जोड्न आवश्यक रहेको उहाँको भनाइ छ। यहाँ आउने विदेशी पर्यटकलाई राष्ट्रियस्तरको प्रमाण प्राप्त दक्ष पर्वतीय पथ प्रदर्शक उत्पादन गर्ने लक्ष्यका साथ पर्वतीय पथ प्रदर्शक प्रशिक्षण भइरहेको नेपाल पर्वतारोहण प्रशिक्षक सङ्घ गैरीधारा काठमाडौँले जनाएको छ। यो एक हप्ताका लागि सञ्चालन हुनेछ। नेपाल पर्वतारोहण प्रशिक्षक सङ्घका महासचिव पासाङ टेण्डी शेर्पाले १७औँ चरणको तालिम यहाँ सञ्चालन भइरहेको जानकारी दिनुभयो।

‘यो साहसिक खेल नेपालको मात्रै नभएर विश्वमा नै प्रसिद्ध छ। यो प्रशिक्षण र सिकाई फिजियोथेरापीसँग पनि सम्बन्धित छ,’ उहाँले भन्नुभयो, ‘चट्टानको प्राकृतिक जडान सुरक्षित र सजिलो छ।’

महासचिव शेर्पाले नेपालमा चट्टान आरोहण विकासका क्रममा रहेको र चट्टान आरोहणले मानसिक रुपमा पनि तन्दुरुस्त बनाउन सहयोग गर्ने बताउनुभयो। यस स्थानको संरक्षण र प्रवद्र्धन आवश्यक रहेको उहाँको भनाइ छ। नेपाल साहसिक पदयात्रा गर्ने क्षेत्रको रुपमा मानिएको छ भने पर्वतारोहणमा सहज बनाउन प्रशिक्षकको मागअनुसार उपलब्ध गराउन पथ प्रदर्शक उत्पादन गरिरहेको सङ्घले जनाएको छ।

सङ्घका सिनियर प्रशिक्षक लाक्पा राङ्कु शेर्पाले प्रशिक्षणका लागि सीमित क्षेत्र भएकाले सिमित प्रशिक्षार्थीलाई मात्रै प्रशिक्षण दिइरहेको बताउनुभयो। साहसिक खेलमध्येको चट्टान आरोहणपछि आइस क्लाम्बिङ गराएर मात्रै तालिम प्राप्त पथ प्रदर्शक भएको प्रमाणपत्र दिने गरिन्छ।

सङ्घले यस पटक एक महिला र ४३ पुरुष गरी ४४ जनालाई प्रशिक्षण दिइरहेको महासचिव शेर्पाले बताउनुभयो। उहाँले भन्नुभयो, ‘शरीरको सहनशीलतालाई विकास गर्न यहाँको हावापानी उपयुक्त रहेकाले प्रशिक्षण गराउन ल्याउने गरेका छौँ। यसपछि आइस क्लाम्बिङ गराएर मात्रै तालिम प्राप्त पथ प्रदर्शकको प्रमाणपत्र दिने गरिन्छ।’

‘पथ प्रदर्शकले मौसमको आभास गर्नुपर्ने हुन्छ, त्यसका लागि सिद्धगुफाको चट्टान उपयुक्त छ,’ प्रशिक्षक शेर्पाले भन्नुभयो, ‘दक्ष पथ प्रदर्शक उत्पादनका लागि उनीहरुले मौसमको अनुभव गर्नुपर्ने हुन्छ। कहिले चिसो त कहिले तातो मौसमको सामना गर्न सक्ने गरी तालिम दिन्छौँ यहाँको मौसमका साथै ठाउँ पनि उपयुक्त छ।’ विदेशबाट नेपालका हिमाल आरोहण गर्न आउने गर्छन्। उनीहरुलाई सहज र सुरक्षित रुपमा हिमाल आरोहण गराउने गरी कम्पनीले दक्ष पथ प्रदर्शक उत्पादन गरिरहेको छ। माउन्टेन गाइडका लागि चट्टान आरोहण प्रशिक्षण भएको र यसका साथै आइस क्लाइम्बिङ (पहिलो चरण) को तालिम प्रदान गरिसकिएको छ।

प्रशिक्षण केन्द्र बनेको विमलनगर चुनपहरा ओझेलमा परेको छ। चट्टान, ग्लेसियर, पिक क्लाइम्बिङ गर्न दक्ष भएपछि मात्रै पूर्ण रुपमा अभ्यास सकिएपछि दक्ष पथ प्रदर्शकको प्रमाणपत्र प्रदान गरी काम गर्नसक्ने हुन्छ। प्रशिक्षक लाक्मी शेर्पा चट्टान आरोहणको प्रशिक्षणतर्फ महिला पनि आकर्षित भइरहेका बताउनुभयो। जोखिम तथा साहसिक खेलमा महिलाको आकर्षण बढ्दो छ। देशैभर दक्ष तथा अनुभवी महिला पथ प्रदर्शक सङ्ख्यात्मक रुपमा कम रहेकाले म पनि गर्न सक्छु भनेर यस क्षेत्रमा लागिरहेका प्रशिक्षक शेर्पाले बताउनुभयो। साहसिक काम गर्दा अन्य महिलालाई पनि प्रोत्साहन गर्न जरुरी रहेको उहाँको भनाइ छ। सिद्धगुफाको संरक्षण गर्नुका साथै आरोहण गर्न चट्टान पनि सुरक्षित तवरबाट जोडिएका छन्। प्रचारप्रसार तथा प्रवद्र्धनमा भने उल्लेख्य काम हुन नसकेको स्थानीयको गुनासो छ। पृथ्वी राजमार्गसँगै जोडिएको यस ठाउँमा देशका विभिन्न तथा विदेशबाट समेत पर्यटक चट्टान आरोहणका लागि आउने गर्दछन्। विसं २०६४ मा नेपालका अन्तरराष्ट्रिय पर्वतारोहण पथ प्रदर्शक र स्थानीयवासी मिलेर सो क्षेत्रको सुरुआती अन्वेषण गरेपछि क्रमबद्ध रुपमा यससँग सम्बन्धित सङ्घसंस्था तथा निकायले चट्टान आरोहणको गतिविधि बढ्दै गएको छ। पथ प्रदर्शक मात्रै नभएर हिमाल आरोहणका लागि पनि पहिलो खुड्किलाको रुपमा प्रशिक्षण लिन यहाँ आउने गर्दछन्। केही दिनको चट्टान आरोहणपश्चात् हिमाल आरोहणमा जाने गरेका छन्। यहाँ चट्टान आरोहणको गतिविधि विस्तारै बढ्दै गएको छ। यस क्षेत्रमा साहसिक पर्यटन प्रवद्र्धन गर्नका निम्ति तीनै तहका सरकारका साथै पर्यटन बोर्ड र खेलकुदसँग सम्बन्धित क्षेत्रको ध्यानाकर्षण हुनसकेमा अझ राम्रो हुने देखिन्छ।



# हेलिकप्टर प्रयोग गरेर चुचुरो चढ्ने अभ्यास आरोहण हैन



**काठमाडौँ।**
सांसदहरूले साहसिक पर्यटनको मर्यादा जोगाउन आरोहण अभ्यासमा सुधारको आवश्यकता औँल्याएका छन् । राष्ट्रियसभा अन्रतगतको विधायन व्यवस्थापन समितिको शुक्रबारको बैठकमा पर्यटन विधेयक, २०८१ माथिको दफावार छलफलका क्रममा राष्ट्रियसभा सदस्यहरूले पर्वतारोहण प्रमाणपत्र, हेलिकप्टर प्रयोग र दुर्घटना तथा मृत्युका अवस्थामा प्रमाणपत्र दिने विषय ऐनमा नै स्पष्ट व्यवस्थाका लागि जोड दिएका हुन्।

बैठकमा हिमाल आरोहणका नाममा हुने हेलिकप्टर दुरुपयोग, झुट्टा उद्दार, तथा चुचुरोमा पुगेर फर्कन नसकेका आरोहीलाई प्रमाणपत्र दिने वा नदिने विषयमा छलफल गरिएको छ । समिति सभापति तुलसाकुमारी दाहालले झुट्टा उद्दार रोक्न, उद्दारका लागि हेलिकप्टर/ड्रोन प्रयोगलाई कडाइका साथ नियमन गर्न तथा प्रविधिमैत्री बनाउन स्पष्ट मापदण्डसहितको व्यवस्था ल्याउनुपर्नेमा मन्त्रालयलाई निर्देशनसमेत दिए।

हेलिकप्टर चढेर आरोहण सम्पन्न गर्ने अभ्यासले हिमालको गरिमा र साहसिक पर्यटनको मर्ममाथि गम्भीर आघात पुर्‍याएको संशोधनकर्ता सांसदहरूको धारणा थियो । बैठकमा संशोधनकर्ताहरूले आधार शिविरबाट हिँडेर चुचुरोमा पुगेर पुनः आधार शिविर फर्किएका पर्वतारोहीलाई मात्रै प्रमाणपत्र दिने व्यवस्था हुनुपर्नेमा विशेष जोड दिए।

छलफलका क्रममा प्रविधि प्रयोग गरेर आरोहण पुष्टि गर्ने विषयमा संशोधनकर्ता र मन्त्रालयबीच समान मत देखिएको छ । संशोधनकर्ताहरूले उद्दारको नाममा हुने दुरुपयोग रोक्न स्पष्ट व्यवस्था राख्नुपर्नेमा जोड दिएका थिए । संशोधनकर्ता सोनाम गेल्जेन शेर्पाले हेलिकप्टर प्रयोग गरेर चुचुरो चढ्ने अभ्यासलाई रोक्न स्पष्ट कानुनी प्रावधानको आवश्यकता रहेको औँल्याए । उनले यसलाई आरोहण मान्न नहुने भन्दै आधार शिविरबाट पैदल आरोहणलाई मात्रै मान्यता दिनुपर्ने धारणा राखे।

संशोधनकर्ता डा बेदुराम भुसालले चुचुरोमा पुगेपछि फर्कने क्रममा दुर्घटना भई मृत्यु भएको अवस्थामा प्रमाणपत्र दिने/नदिने विषय स्पष्ट गर्नुपर्ने बताए । पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछानेले हाल चुचुरोमा पुगेर फर्किएपछि दाबी भएमा प्रमाणपत्र दिने अभ्यास रहेको तर कानुनमा स्पष्टता नभएको स्वीकार गरे । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव राजेन्द्र अधिकारीले क्षतिपूर्ति र धरौटीसम्बन्धी भाषागत अस्पष्टता सच्याउनुपर्ने सुझाव प्रस्तुत गरे।

समिति सभापति तुलसाकुमारी दाहालले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई थप गृहकार्य गरेर स्पष्ट र समयसापेक्ष व्यवस्था ल्याउन निर्देशन दिए। रासस

# सम्भावित विपद् क्षति न्यूनीकरणका लागि एकढिक्का हुन आह्वान



**काठमाडौँ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले भूकम्पलगायत विपद्का कारण हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न एकढिक्का भएर लाग्न आह्वान गरेका छन् । २८ औँ भूकम्प सुरक्षा दिवसका अवसरमा शुक्रबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले विपद् जोखिम न्यूनीकरणसम्बन्धी आवश्यक कार्यलाई संस्थागत, दीगो र परिणामुखी बनाउन सरकारका तर्फबाट योजनाबद्ध प्रयत्न जारी रहने बताए।

मन्त्री अर्यालले भूकम्प प्रतिरोधी संरचना निर्माणलाई आगामी दिनमा थप प्रभावकारी बनाएर लैजानुपर्नेमा जोड दिए । उनले सरकारी निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था, निर्माण व्यवसायी र समुदायस्तरमा पूर्वतयारी, प्रतिकार्य र पुनःनिर्माणको क्षमता अभिवृद्धि गर्नुपर्ने बताए।

प्रविधिमा आधारित बहुप्रकोपीय पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन सक्दा पूर्वतयारीमा मद्धत पुग्न गई जनधनको क्षति कम हुन्छ गृहमन्त्री अर्यालले भने, 'भूकम्पीय सुरक्षाका लागि सबै तहका सरकार र नागरिकको तयारी महत्वपूर्ण हुन आउँछ । भूकम्पबाट सुरक्षित घर, समुदाय एवं राष्ट्र निर्माण हामी सबैको जिम्मेवारी बनेको छ।'

उनले भूकम्पलगायत विपद्बाट सुरक्षित रहन व्यवस्थित र दिगो विकासको अवधारणामा आधारित कार्यक्रमको प्रभावकारी र परिणामुखी कार्यान्वयन आजको आवश्यकता भएको बताए । नेपालले विगतका तुलनामा भूकम्पलगायत विपद् प्रतिकार्यमा क्षमता विकास गरिरहेको जनाउँदै गृहमन्त्री अर्यालले भूकम्पलगायत विपद्सम्बन्धी बुझाइका दायरा पनि विस्तार हुँदै गएको बताए।

पूर्वतयारी तथा बलियो संरचना निर्माणको चेतना विस्तार भएको छ । स्थानीय तहहरूले भवनसंहिताको पालना गराउने कार्यलाई अनिवार्य गराउँदै लगेको छन् । नागरिकमा पनि नक्सा पास गरेर मापदण्डअनुसारको घर निर्माण गर्नुपर्छ भन्ने सोच विकास हुँदै गएको छ उनले बताए । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री कुमार इङ्नामले भूकम्पबाट हुने क्षति न्यूनीकरण गर्न आवश्यक पूर्वतयारी र सतर्कता अनिवार्य रहेको बताए।

'विकास निर्माणमा विपद् जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा नसोची दिगो विकास सम्भव छैन उनले भने, 'भूकम्पको जोखिम न्यूनीकरण र पूर्वतयारी अनिवार्य सर्त हो ।' काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले भूकम्पलगायत प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण तथा पूर्वतयारीका लागि सङ्घ, प्रदेश र स्थानीय तहको सरकारबीच समन्वय आवश्यक रहेको बताइन् । 'सबै तहका सरकार, सबै नागरिकको तयारी, भूकम्प उत्थानशील नेपाल, अबको जिम्मेवारी' भन्ने नाराका साथ शुक्रबार भूकम्प सुरक्षा दिवस मनाइएको हो। रासस

# चुनावी प्रतिष्पर्धामा सहयोग गर्न आचारसंहिताः का.वा. आयुक्त

**काठमाडौँ।**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले राजनीतिक दललाई चुनावी प्रतिष्पर्धामा जान सहयोग पुगोस् भन्ने उद्देश्यले नै आचारसंहिता जारी गरिएको बताएका छन् । निर्वाचन आयोगले निर्वाचन आचारसंहिता–२०८२ कार्यान्वयनका सम्बन्धमा आयोजना गरेको राजनीतिक दलहरुसँगको छलफल कार्यक्रमलाई सम्बोधन गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले प्रतिष्पर्धाका लागि सहयोग गर्ने उद्देश्यले नै महिनौँअघि मस्यौदा तर्जुमा गरी राजनीतिक दल, संवैधानिक निकायलगायत सरोकार भएका सरकारी कार्यालयबाट राय सुझाव माग गरी त्यसका आधारमा अन्तिम रुप दिई जारी गरिएको बताए।



यसअघि आयोगले जारी गरेका आचारसंहितालाई समसामयिक बनाएर अहिलेको आचारसंहिता तर्जुमा गरिएको उनले बताए । धेरै ऐन पढ्न नपरोस् भनी त्यहाँ भएका विषयलाई आचारसंहितामा समेटिएको छ, आचारसंहिता उल्लङ्घन गर्नेलाई स्पष्टीकरण सोध्छौँ, चित्त नबुझेमा सजायमुखी प्रावधान अनुसार कारबाही गर्छौं, सामाजिक सञ्जालका माध्यमबाट गरिने आचारसंहिता उल्लङ्घनका विषयलाई नियमन गर्न मेटालगायत कम्पनीलाई अनुरोध गरेका छौँ, कुनै दल वा उम्मेद्वारले मतदातालाई पैसा बाँडेको सूचनामात्र आयोगलाई दिएमा कारबाही गर्नेछौँ उनले बताए।

कुनैपनि दल वा उम्मेद्वारलाई 'नो, नट, एगेन' भनी सामाजिक सञ्जालमा प्रचारप्रसार गर्नु आचारसंहिता विपरीत हुने उल्लेख गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले त्यस्ता व्यक्तिलाई कारबाही गरिने बताए । निर्वाचनमा हेलिकोप्टर प्रयोग गर्न नदिए आयोगबाट हटेपछि देखाइदिन्छु भनी सन्देश पठाउने पनि छन् तर त्यसबाट आयोगका पदाधिकारी नडराएको उनले बताए।

निर्वाचन आयुक्त सगुनशम्शेर जबराले उम्मेद्वार र उनका परिवारका सदस्यको बैङ्क खाताको पनि अनुगमन गरिने बताएका छन् । चुनावका क्रममा अनियमित रुपमा आउने धेरै पैसा प्रयोग भयो भन्ने गुनासोलाई सम्बोधन गर्न यस्तो व्यवस्था गरिएको उनको भनाइ थियो । नेपाली सेनाको सहयोग लिएर 'सोसल मिडिया' अनुगमन गरिने आयुक्त जबराले बताए।

निर्वाचन स्वच्छ र निष्पक्ष बनाउन नै आचारसंहिता जारी गरिएकाले उल्लङ्घन गर्ने उम्मेद्वारलाई स्पष्टीकरण सोधेर उम्मेद्वारी रद्ध गर्नेसम्मको कारबाहीमा जान सकिने गरी व्यवस्था गरिएको उनले जानकारी दिए । निर्वाचनमा प्लाष्टिकजन्य चीजबीजको उपयोग नगरी हरित निर्वाचन गर्ने विषय आचारसंहितामा पहिलोपटक राखिएकाले यसतर्फ पनि आयुक्त जबराले राजनीतिक दलको ध्यानाकर्षण गराए।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले दलभित्र आचारसंहिताको प्रचारप्रसार गरी जागरण फैल्याउन भ्याउने गरी यस्तो कार्यक्रम आयोजना गरिएको भए प्रभावकारी हुने बताए । पछिल्लो समय सूचना प्रविधि क्षेत्रको उपयोग गरेर निर्वाचन आचारसंहिता उल्लङ्घनका घटना बढ्न थालेकाले यसतर्फ आयोगले ध्यान दिनुपर्ने उनले बताए।

निर्वाचन दलहरुबीच प्रतिष्पर्धा हुने समय भएकाले यसमा राष्ट्रिय झण्डाको प्रयोग गर्न नहुने नेता विश्वकर्माले सुझाव दिए । समानुपातिकतर्फको बन्द सूची पेश गर्दा ११० जनाकै सम्पत्ति विवरण बुझाउने विषय व्यावहारिक नभएकाले आगामी दिनमा यस्ता विषयमा पुनर्विचार गर्न उनको सुझाव थियो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचिव राजन भट्टराईले लोकतन्त्रलाई स्वस्थ र संस्थागत बनाउन निर्वाचन आचारसंहिता कार्यान्वयन हुनुपर्ने विचार राखे । अघिल्लो निर्वाचनमा अव्यावहारिक देखिएका आचारसंहिताका विषय सच्याउन त्यस बेला सुझाव दिएकामा अहिले पनि नसच्चिएकामा उनले आयोगका पदाधिकारीको ध्यानाकर्षण गराए । निर्वाचनमा बालबालिकाको प्रयोगको विषयलाई प्रष्ट पारिनुपर्ने सचिव भट्टराईको माग थियो । मनोनयन पत्र दर्ता गर्न जाँदा २५ जनाभन्दा बढी जान नपाउने आचारसंहिताको व्यवस्था व्यावहारिक नभएकाले यसलाई सच्याउन उनले सुझाव दिए।

निर्वाचनको प्रचारप्रसारका क्रममा पार्टीका १० भन्दा बढी झण्डा लैजान नपाइने व्यवस्था उपयुक्त नभएको सचिव भट्टराईले बताए । मन्त्री वा सरकारी तहमा रहेका राजनीतिक व्यक्तिले सरकारी स्रोत साधनको उपयोग नगरी निर्वाचन प्रचारप्रसार गर्ने व्यवस्था गर्न पाउने गरी व्यवस्था गर्न उनको सुझाव दिए । सुरक्षाको वातावरण विश्वसनीय बनाउनुपर्ने उल्लेख गर्दै सचिव भट्टराईले आचारसंहिता अनुगमनको उपयुक्त संयन्त्र आयोगले बनाउनुपर्नेमा जोड दिए।

नेपाली कम्युनिष्ट पार्टीका नेता वर्षमान पुनले निर्वाचनमा दल र उम्मेद्वार स्वअनुशासनमा बस्नुपर्ने उल्लेख गर्दै आचारसंहितामा कडा व्यवस्था गर्ने तर कार्यान्वयन फितलो हुन नहुने सुझाव दिएका छन् । प्रदेश र स्थानीय सरकारले आचारसंहिता कार्यान्वयन गरे, नगरेको अनुगमन गर्ने उपयुक्त संयन्त्र बनाउन उनले आयोगसँग अनुरोध गरे । सूचना प्रविधिको उपयोग गरी डिजिटल रुपमा आचारसंहिता उल्लङ्घनका धेरै काम हुने गरेकाले त्यसलाई नियमनका लागि के संयन्त्र आयोगले बनाएको छ भनी उनले प्रश्न गरे।

आयोगलाई सुझाव दिँदै विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुले ठूला दललाई वास्ता नगरी साना दललाई मात्र आचारसंहिताका नाममा कारबाही नगर्न माग गरेका थिए । ठूलालाई आचारसंहिता र सानालाई अत्याचार गर्न नहुने उनीहरुको भनाइ थियो। रासस

# निर्वाचन सुरक्षा योजना कार्यान्वयन गरिँदै

**सुदूरपश्चिम।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुदूरपश्चिम प्रदेशमा सुरक्षा व्यवस्थापन चुस्त एवं सुदृढ पार्न लागिएको छ। भौगोलिक विकटता, सडक सञ्जाल, निर्वाचनस्थलको संवेदनशीलतालाई आधार मानेर निर्वाचन सुरक्षा योजना कार्यान्वयन गर्न लागिएको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रवक्ता गौतम मिश्रले जानकारी दिए।

'निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सुरक्षाको रणनीतिसहित निर्वाचन सुरक्षा योजना कार्यान्वयन गर्न लागेका छौँ', मिश्रले भने, 'यसका लागि हातहतियार, गोलीगठ्ठा, सञ्चार सामग्री, जनशक्तिलगायत व्यवस्थापन हुँदैछ ।' निर्वाचनको सुरक्षाका लागि मतदानस्थल तथा केन्द्रको बहिरि घेरामा नेपाली सेना, मध्यम घेरामा, सशस्त्र प्रहरी बल र भित्रि घेरामा नेपाल प्रहरी परिचालनको व्यवस्था मिलाउन लागिएको उनले बताए।

विगतका निर्वाचनको मतदानका क्रममा भएको अवाञ्छित एवं अस्वभाविक गतिविधिलाई मध्यनजर गरेर सुरक्षा रणनीति बनाइएको छ । यसबाहेक सशस्त्र प्रहरी बल, नेपाली सेना र राष्ट्रिय अनुसन्धान आआफ्नो सुरक्षा योजनाअनुसार निर्वाचनको सुरक्षामा परिचालित हुन लागेको जनाइएको छ । मिश्रले भने, 'निर्वाचनस्थल तथा केन्द्रलाई सामान्य, संवेदनशील र अति संवेदनशील निर्वाचनस्थलका रूपमा लिएर सुरक्षा व्यवस्था मिलाउँदै छौँ, प्रदेशको बाजुरा र अछाम जिल्लातिर बढी सुरक्षा संवेदनशीलताको आँकलन गरिएकाले सोही बमोजिमको सुरक्षा व्यवस्थापन मिलाइँदै छ।'

निर्वाचनको सुरक्षालाई दृष्टिगत गरेर प्रदेशका सबै नौ जिल्लामा गरी ३०० मतदानस्थललाई सामान्य, ३९५ लाई संवेदनशील र ४८१ लाई अतिसंवेदनशील निर्वाचनस्थल तोकिएको छ । प्रदेशभर एक हजार १७६ मतदानस्थल र दुई हजार १८६ मतदान केन्द्र कायम गरिएको छ।

मतदानको दिन हिमपात भएमा बाजुरा, बझाङ र दार्चुला जिल्लाका हिमाली क्षेत्रका मतदानस्थलमा केही चुनौती थपिने देखिएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता मिश्रले बताए । निर्वाचनको तयारीका क्रममा सुरक्षाको व्यवस्थापन गर्न प्रदेशका जिल्लामा निर्वाचन प्रहरी भर्नाको काम अन्तिम चरणमा पुगेको छ । प्रदेशभरि सात हजार ५८ जना नेपाल प्रहरी र १३ हजार ६६९निर्वाचन प्रहरी परिचालन गर्न लागिएको उनले जानकारी दिए।

कैलालीमा तीन हजार ५६७, कञ्चनपुरमा दुई हजार ३५, बाजुरामा ९६४ र दार्चुलामा ८८४, बझाङमा एक हजार४८४, डडेलधुरामा ९४४, बैतडीमा एक हजार २७९, दार्चुलामा ८८४ र अछाममा एक हजार ४६३ निर्वाचन प्रहरी भर्ना गर्न लागिएको छ । पहाडी क्षेत्रका कतिपय जिल्लामा तोकिएको समयभित्र आवश्यकता बमोजिमको निवेदन नपरेपछि निर्वाचन प्रहरीमा भर्ना हुने म्याद दुई दिन थपिएको छ । निर्वाचन कार्यतालिकाअनुसार निर्वाचन प्रयोजनका लागि प्रदेशका सबै जिल्लामा आज निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

पाँच निर्वाचन क्षेत्र रहेको कैलालीको निर्वाचन क्षेत्र १ को टीकापुर, क्षेत्र २ को लम्की, क्षेत्र ३ को सुखड, क्षेत्र ४ को अत्तरिया र क्षेत्र ५ को धनगढीमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको प्रदेश निर्वाचन कार्यालय कैलालीका प्रमुख प्रेमराज भट्टले बताए।

तीन निर्वाचन क्षेत्र रहेको कञ्चनपुर निर्वाचन क्षेत्र १ को बेलौरी, क्षेत्र २ को झलारी र क्षेत्र ३ को भीमदत्तनगरमा र दुई निर्वाचन क्षेत्र रहेको अछाम क्षेत्र १ को साँफेबगर र क्षेत्र २ को मङ्गसैनमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । एक मात्र निर्वाचन क्षेत्र भएका जिल्लाको हकमा भने सम्बन्धित जिल्ला सदरमुकामा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ । प्रदेशमा प्रतिनिधिसभा सदस्यका १६ निर्वाचन क्षेत्र छन्।

# कास्की कारागारका एक सय ६० कैदीबन्दी अझै फरार

**कास्की।**
गत भदौ २४ गते जेनजी प्रदर्शनका क्रममा कास्की कारागारबाट भागेका कैदीबन्दीमध्ये अझै १६० जना सम्पर्क बाहिर छन् । हालसम्म फरारमध्येमा नौ महिला र १५१ पुरुष रहेका कारागारका प्रशासक राजेन्द्र शर्माले जानकारी दिए । उनका अनुसार फरारमध्येमा १३ जना विदेशी नागरिक रहेकामा ११ भारतीय र दुई जना चिनियाँ छन्।

आन्दोलनका क्रममा कारागारको बन्दीगृहबाट भागेका ७७३ जनामध्येमा कोही तोकिएको समयभित्रमा आफैँ फर्किएको र अन्यलाई प्रहरीले पक्राउ गरेर कारागार बुझाएको थियो । कास्कीबाट भागेका मध्येमा केही अन्य जिल्लामा समातिएका थिए।

त्यसैगरी, अन्य जिल्लाबाट भागेकाहरूलाई समेत पोखराबाट पक्राउ गरिएको थियो । कारागार प्रशासक शर्माले फरार कैदीलाई प्रहरीले खोजी गरिरहेको जानकारी दिए। आसन्न फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा फरार कैदीबन्दीलाई सुरक्षा चुनौतीका रूपमा दलहरूले लिएका छन् । राजनीतिक दलहरूले कैदी र लुटिएका हतियारका कारणले निर्वाचन भयरहित र शान्तिपूर्ण हुन नसक्ने आशङ्का गरिरहेको अवस्थामा प्रहरीले कैदीहरुको खोजी तीव्र बनाएको छ।

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले भागेका कैदीबन्दी फिर्ता ल्याउन विशेष रणनीतिअनुसार काम भइरहेको जानकारी दिइन् । 'निर्वाचन सुरक्षा योजनाअनुसार आन्दोलनका क्रममा भागेका कैदीबन्दीलाई फिर्ता ल्याउन विशेष रणनीति बनाइएको छ । यसका लागि प्रहरी टोली खटिएको छ । निर्वाचनमा कुनै पनि सुरक्षा कमजोरी हुन नदिने गरी जिल्लामा सुरक्षा कार्यान्वयन गरेका छौँ', उनले भनिन्। रासस

# निर्वाचन तोकिएकै समयमा हुन्छः संयोजक दाहाल

**चितवन।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी फागुन २१ गते तय भएको प्रतिनिधिसभा निर्वाचन तोकिएकै समयमा हुने बताएका छन् । भरतपुर महानगरपालिकाको प्रशासकीय भवनको उद्घाटन गर्दै संयोजक दाहालले निर्वाचनको विकल्प नरहेको बताए।

उनले भने, 'संविधानसभाको पहिलो निर्वाचनको समयमा पनि अघिल्लो दिनसम्म पनि चुनाव हुन्छ र भन्ने देशैभरी हल्ला थियो । तर चुनाव भयो ।' राजनीतिक दल र जनता अघि बढीसकेकाले अब पनि चुनाव हुन्छ की हुँदैन भनेर अन्योलतामा नबस्न संयोजक दाहालले आग्रह गरे । निर्वाचनको अर्को विकल्प नरहेको उल्लेख गर्दै उनले निर्धारित समयमा निष्पक्ष रुपमा निर्वाचन गराउन सबै लाग्नुपर्नेमा जोड दिए।

फरक प्रसङ्गमा संयोजक दाहालले नेपाली कांग्रेसको विशेष महाधिवेशनपछि निर्वाचन के होला भन्ने प्रश्न जनतामा उठेको बताए । उनले भने, 'ठूलो पार्टी विभाजन हुनु राम्रो होइन् । सुखद समाचार होइन् । तर यसले निर्वाचनमा कुनै असर पर्दैन ।'

भरतपुर महानगरपालिकाले समानुपातिक रुपमा गरेको विकासका कारण यो महानगर देशको नमुना बन्न सकेको संयोजक दाहालले बताए । यहाँ भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगारसँगै विभिन्न सांस्कृतिक समुदायको विकासमा समानुपातिक रुपमा गरिएको योगदानले नै यो सम्भव भएको उनको भनाइ थियो।

सो अवसरमा महानगर प्रमुख रेनु दाहालले रु ५३ करोड ३२ लाखको लागतमा भवन निर्माण गरिएको जानकारी दिइन् । भवन निर्माण गर्न २०७९ साउन १८ गते निर्माण कम्पनी शर्मा–सगरमाथा–सगुन जेभीसँग सम्झौता भएको थियो । भवन बनाउन सङ्घीय सरकारको रु २१ करोड ५८ लाख, वाग्मती प्रदेश सरकारको रु १९ करोड ८९ लाख तथा महानगरपालिकाको रु ४ करोड ५० लाख रकम खर्च भएको छ । सात कठ्ठा जग्गामा ६ तले भवन निर्माण गरिएको हो। रासस

# म्याग्दीका ध्रुवले फलाए १२० मुरी धान



**म्याग्दी।**
म्याग्दीका एक जना किसानले एक सय २० मुरी धान फलाएका छन् । मङ्गला गाउँपालिका–२ सिमका किसान ध्रुव खत्रीले यस वर्ष उक्त परिणामको धान उत्पादन गरेका हुन् । खत्री सम्भवतः जिल्लामा सबैभन्दा धेरै धान फलाउने किसान भएको दाबी गरिएको छ । खत्रीको दुईतले घरमा राखिएका भकारी धानले भरिएका छन्।

'एक सय रोपनी खेतमा एक सय ५० मुरी धान फलाउने लक्ष्य थियो', उनले भने, 'गत वर्षको तुलनामा २० मुरी बढी धान उत्पादन भए पनि मौसमले साथ नदिँदा लक्ष्यभन्दा कम भयो ।'

सिमकाजी ब्रर्दश भेन्चर प्रालिमार्फत रैथाने गौरीया, जेठोबुढो धान, मकै र गहुँखेतीका साथै खत्रीले भैँसीपालन गरेका हुन् । म्याग्दी नदीको किनारमा सिँचाइको सुविधा भएको उर्वरायुक्त सिम, सिमलचौर, बाबियाचौर, पोक, सातबिसे, सेरा, पिपलबोट, रणवाङ्ग र छिस्वाङको फाँट जिल्लाकै राम्रो खाद्यबाली हुने जमिन मानिन्छ । खत्रीका पुर्खाहरूले तीन सय वर्षअघि पोखराबाट आएर सिममा जग्गा किनेका थिए।

'घरमा आवश्यक पर्ने २५ मुरी राखेर ९५ मुरी बिक्री गर्छु', खत्रीले भने, 'धान प्रतिपाथी रु चार सय र चामल प्रतिपाथी रु एक हजारका दरले बिक्री हुन्छ ।' बिक्री नहुने धानलाई चामल बनाउन घरमै विद्युत्बाट चल्ने मिल राखेका हुन् । पकाउँदा घरबाहिरै छुट्टै किसिमको मगमग बास्ना आउने र खाँदा स्वादिलो हुने गौरीया जातको धान म्याग्दीको रैथाने बाली हो । सहरबजारका तारे होटलदेखि घरानिया व्यापारी, उच्च तहका नेता, कर्मचारीहरू गौरिया धानको चामलका उपभोक्ता हुन्।

'गौरीया धान पाक्दा खेत नै बसाउँछ । भान्छा कोठामा गौरियाको भात पकाउँदा आँगनसम्मै बास्ना आउँछ', खत्रीले भने, 'गौरीयाको भात खाइरहेकालाई अरु धानको भात रुच्दैन, गौरीया नै खोज्छन् ।'

स्थानीयवासीहरूका अनुसार चार पुस्ताअघिदेखि खेती हुँदै आएको गौरीयाको वैज्ञानिक र अङ्ग्रेजी नाम अझै पहिचान भएको छैन।

म्याग्दी नदीको तटीय क्षेत्रमा पर्ने गैरीखेतमा खेती हुने भएकाले गौरीया नाम राखिएको सिमका किसान राजाराम उपाध्यायले बताए। गौरीया धानको चामल भात, पुलाउ, खिर र सेलरोटी बनाउने पीठोका लागि उपयुक्त हुन्छ । न्यानो ठाउँमा हुने गौरीया धानको बोट अग्लो हुन्छ र सिँचाइका लागि धेरै पानी आवश्यक पर्छ । असारको १५ गते रोपिने गौरीया कात्तिक १५ आसपासमा पाकेर भित्र्याउने हुन्छ । गौरीया धानको दाना अरु जातको भन्दा सानो हुन्छ । अन्य जातको तुलनामा गौरीयाको उत्पादकत्व कम हुन्छ । पकाउँदा भात बढी देखिने गौरीया उपभोग गर्दा आडिलो पनि हुने उपभोक्ताको अनुभव छ । सुत्केरी, किरिया बसेकाहरूलाई गौरीया धानको चामलको भात उपभोगी हुने बताइन्छ।

पोखराको घर जग्गा छोराछोरीको जिम्मा लगाएका खत्रीले सिममा खाद्यबालीको साथै भैँसीपालन र बेनी–दरवाङ सडक छेउमा किराना पसलसहितको रेष्टुरेन्ट सञ्चालन गरेका छन् । वार्षिक रु १० लाखभन्दा बढीको धान, चामल, दूध, खुसीबोका र कुखरा बिक्री हुने खत्रीले बताए । एकवटा स्थानीय लिमे–पारकोटे र दुईवटा उन्नत मुर्रा जातको भैँसीसँगै खत्रीले खसीबोका उत्पादन गर्न बाख्रा पनी पालेका छन् । हाल दैनिक १० लिटर दूध बिक्री गर्ने उनले भैँसीको संख्या बढाउने सोचमा छन्।

खत्रीकी श्रीमतीले उनलाई खेतीपाती र व्यवसायमा साथ दिदै आएकी छिन् । एक जनालाई नियमित, खेती लगाउने र भित्र्याउने समयमा दैनिक ४० जना जनालाई रोजगारी दिएका छन् । वैदेशिक रोजगारको बढ्दो आकर्षणका कारण खेतबारीमा काम गर्ने जनशक्ति नपाउने, ज्यालाको मूल्य बढ्नु, तापक्रम वृद्धिका कारण खेतीपात्रो परिवर्तन हुनुलाई खत्रीले चुनौतीका रूपमा लिएका छन्।

रोजगारीको सिलसिलामा तीन वर्ष सिङ्गापुर र पाँच वर्ष साइप्रसमा बिताएका खत्रीका परिवारको बसोबास २०७६ सालअघि पोखरामा थियो । कोरोना महामारी फैलिएपछि रोकथामका लागि गरिएको बन्दाबन्दीका समयमा उनका परिवार पोखराबाट जन्मथलो फर्केका थिए।

'हाम्रा हजुरबुबाका पाँच परिवार सन्तान हामीहरू विदेश र सहर पसेपछि यहाँको खेतीयोग्य जमिन कजाउन अरुलाई नै अधिया र बन्दकी दिएका थियौँ', उनले भने, 'कोरोनापछि गाउँ फर्किएर मेरो पुरख्यौलीका साथै दाजुभाइको एक सय रोपनी जग्गा भाडामा लिएर रैथाने जातको धानखेती गर्दै आएको छु।'

पुर्खाहरूले तीन सय वर्षअघि बनाएको घरमा 'होमस्टे' सञ्चालनको तयारी गरेका खत्रीले पाहुनालाई रैथाने गौरीया धानको भात, भैँसीको दूधदही, कुखुरा र खसीबोकाको मासुका परिकार चखाउने योजना बनाएका छन्। सिमलाई कृषि, पर्यटकीय गाउँका रूपमा विकास गर्ने सामाजिक गतिविधिमा पनि जोडिएका खत्रीको योजना छ। बेनीदेखि १२ दशमलव पाँच किलोमिटर पश्चिमतर्फ कालोपत्र सडकको पहुँच भएको सिम प्राकृति उपचारस्थल सिङ्गा तातोपानीदेखि चार दशमलव पाँच किलोमिटर नजिक छ।

रोजगारी, अवसर र सुविधाका लागि धेरै नेपालीहरू सहरमा बसाइँसराइ र विदेशिने क्रम बढिरहेका बेला विदेश र बजारबाट गाउँ फिरेका खत्रीले सकारात्मक सन्देश दिएको म्याग्दी उद्योग वाणिज्य सङ्घका सचिव रहेका स्थानीयवासी मोतिलाल पौडेलले बताए। गण्डकी प्रदेश सरकारको लगानीमा घुरेनी कोत्रवाङ सिँचाइ योजना सञ्चालन भएपछि किसानहरूलाई खेतीबाली लगाउन सहज भएको छ । रासस

# शुक्रबारको विदेशी मुद्राको विनिमयदर



**काठमाडौँ।**
नेपाल राष्ट्र बैंकले (शुक्रबार) का लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ।

निर्धारित विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर १४४ रुपैयाँ १८ पैसा र बिक्रीदर १४४ रुपैयाँ ७८ पैसा तोकिएको छ । यस्तै, युरोपियन युरो एकको खरिददर १६७ रुपैयाँ ७४ पैसा र बिक्रीदर १६८ रुपैयाँ ४४ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १९३ रुपैयाँ ५३ पैसा र बिक्रीदर १९४ रुपैयाँ ३३ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८० रुपैयाँ ०७ पैसा र बिक्रीदर १८० रुपैयाँ ८२ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ९६ रुपैयाँ ५७ पैसा र बिक्रीदर ९६ रुपैयाँ ९७ पैसा, क्यानेडियन डलर एकको खरिददर १०३ रुपैयाँ ७४ पैसा र बिक्रीदर १०४ रुपैयाँ १७ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११२ रुपैयाँ र बिक्रीदर ११२ रुपैयाँ ४७ पैसा तोकिएको छ । जापानी येन १० को खरिददर नौ रुपैयाँ १० पैसा र बिक्रीदर नौ रुपैयाँ १३ पैसा, चिनियाँ युआन एकको खरिददर २० रुपैयाँ ६९ पैसा र बिक्रीदर २० रुपैयाँ ७८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ ४४ पैसा र बिक्रीदर ३८ रुपैयाँ ६० पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ४५ पैसा र बिक्रीदर ३९ रुपैयाँ ६१ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६० पैसा र बिक्रीदर चार रुपैयाँ ६२ पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ २५ पैसा र बिक्रीदर ३९ रुपैयाँ ४२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३५ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३५ रुपैयाँ ७१ पैसा, साउथ कोरियन वन १०० को खरिददर ९ रुपैयाँ ८२ पैसा र बिक्रीदर ९ रुपैयाँ ८६ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ६८ पैसा र बिक्रीदर १५ रुपैयाँ ७५ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ४५ पैसा र बिक्रीदर २२ रुपैयाँ ५४ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ ४९ पैसा र बिक्रीदर १८ रुपैयाँ ५६ पैसा, कुवेती दिनार एकको खरिददर ४७१ रुपैयाँ ४८ पैसा र बिक्रीदर ४७३ रुपैयाँ ४५ पैसा, बहराइन दिनार एकको खरिददर ३८२ रुपैयाँ ४३ पैसा र बिक्रीदर ३८४ रुपैयाँ ०२ पैसा, ओमनी रियाल एकको खरिददर ३७४ रुपैयाँ ५१ पैसा र बिक्रीदर ३७६ रुपैयाँ ०७ पैसा रहेको छ । यस्तै,भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ। रासस

# चिसो याममा पनि ढोरपाटनमा पर्यटकको चहलपहल



**ढोरपाटन।**
यतिबेला ढोरपाटनमा अत्यधिक चिसो बढेको छ । बिहानपख धारामा पानी नै जम्छ भने बाक्लो तुसारोले हिँडडुल गर्न पनि समस्या हुन्छ । ढोरपाटनमा चिसो बढेपछि स्थानीय बेँसी झरे । अस्थायी रूपमा बसोबास गर्ने र व्यवसायीमात्र यहाँ छन् । पाँच वर्ष अगाडिसम्म हिउँदमा ढोरपाटन सुनसान नै हुन्थ्यो । तर यस वर्ष यो याममा पनि पर्यटकको चलहपहल छ । बाह्रै महिना यहाँको सुन्दरतामा कमी नआउने हुँदा पर्यटकको रोजाइमा ढोरपाटन परेको छ।

गत वर्ष पनि यतिबेला ढोरपाटन सुनसान नै थियो । मङ्सिर अन्तिम सातासम्म पर्यटकको चहलपहल हुने गरे पनि चैतसम्म सुनसान हुन्थ्यो । चिसो याममा पनि पर्यटक आउन थालेपछि होटल व्यवसायी उत्साहित छन् । अघिल्लो वर्षसम्म करिब चार महिना होटल बन्द हुने गरे पनि यसपालि एक दिन पनि खाली बस्न नपरेको ढोरपाटन उपत्यका होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन अदैले बताए।

पछिल्लो पाँच वर्षमा ढोरपाटन आउने पर्यटकको सङ्ख्या उल्लेख्य रहेको भन्दै हिउँद याममा पनि पर्यटकको चहलपहल भएको पहिलोपटक भएको उनको भनाइ छ । यो सिजनमा शुक्रबार र शनिबार करिब दुई सय र अन्य बेला ३०–५० जना पर्यटक ढोरपाटन आउने गरेको अध्यक्ष अदैले बताए । यहाँको बारेमा तीव्र प्रचारप्रसार हुँदा बुटवल, पोखरा, काठमाडौँ, चितवन, भैरहवालगायत देशैभरबाट पर्यटक आउन थालेको उनको भनाइ छ।

'गत वर्ष यो बेला त सुनसान नै भएको थियो, तर यसपालि दैनिकजसो पर्यटक आइरहेका छन्, हिउँ पर्दा बुर्तिबाङ र त्यस आसपासबाट मान्छे हिउँ खेल्न आउँथे तर यसरी घुम्न आउने गर्दैनन्थे', अध्यक्ष अदैले भने, 'अब त विस्तारै सडक पनि राम्रो हुँदैछ, आगामी वर्षदेखि त ढोरपाटनमा बाह्रै महिना पर्यटकको चहलपहल हुने आशा जागेको छ।'

एक दशक अगाडिसम्म ढोरपाटन पुग्ने पर्यटकको संख्या न्यून थियो । तर अहिले तीव्र प्रचारप्रसारका कारण बर्खाको समयमा हजारौँको संख्यामा आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् । ढोरपाटन उपत्यकासँगै बुकीपाटन र जलजला जानेको संख्या पनि उस्तै छ । होटल व्यवसायी धीरेन्द्र घर्तीमगरले खान र बस्नका लागि राम्रो सुविधा हुन थालेपछि जाडो याममा पर्यटक आउन थालेको बताए । टाढादेखि आउने पर्यटकले अग्रिम कोठा 'बुकिङ' गर्ने गरेको उनको भनाइ छ।

नवलपुरदेखि घुम्न आएका आशिष पुरीले ढोरपाटनमा बढी चिसो भए पनि यहाँको सुन्दरताले लोभ्याएको बताए । जाडो बिदामा नौ जनाको समूह घुम्न आएको उनको भनाइ छ । सामाजिक सञ्जाल र सञ्चारमाध्यममा ढोरपाटनको मनमोहक तस्बिर तथा भिडियो देखेकाले घुम्न आएको उनले सुनाए । यो सिजनमा ढोरपाटन आउँदा न्यानो भएर आउन उनले सुझाए।

जाडोका कारण स्थानीय बोबाङ, अधिकारीचौर र निसीखोला झरेका छन् । उनीहरू अब चैत लागेपछि मात्र ढोरपाटन उक्लिने गर्छन् । पोहोर सालसम्म पर्यटकको आगामन कम हुँदा व्यवसायी फुर्सदिला हुन्थे । तर अहिले त्यस्तो अवस्था छैन । पाँच वर्ष अगाडिसम्म ढोरपाटनमा होटल व्यवसाय गर्ने स्थानीय कम थिए । तर अहिले ढोरपाटन उपत्यकामा मात्र करिब ४० हाराहारी होटल सञ्चालनमा छन् । रासस

# युनलाई पाँच वर्ष कैद



**सियोल।**
दक्षिण कोरियाको एक अदालतले शुक्रबार पूर्वराष्ट्रपति युन सुक योललाई मार्सल ल लागू गर्ने निर्णयसँग सम्बन्धित केही अभियोगमा दोषी ठहर गर्दै पाँच वर्षको जेल सजाय सुनाएको छ । सन् २०२४ को अन्त्यतिर उनले जारी गरेको आदेश तथा त्यससँग जोडिएका अन्य आरोपहरूमा दायर आठवटा आपराधिक मुद्दामध्ये यो युनविरुद्धको पहिलो अदालत फैसला हो । ती मुद्दाहरूमा उनको कदमले देशको संवैधानिक व्यवस्था र लोकतान्त्रिक प्रक्रियामा गम्भीर असर पारेको अभियोजन पक्षको दाबी रहेको छ । युनमाथि लागेको सबैभन्दा गम्भीर अभियोगमा उनले आफ्नो मार्सलल कार्यान्वयनका सन्दर्भमा विद्रोहको नेतृत्व गरेको आरोप समावेश छ, जसमा कानूनअनुसार मृत्युदण्डसम्मको सजाय हुनसक्ने प्रावधान रहेको छ । यद्यपि, उक्त गम्भीर अभियोगमा अन्तिम फैसला आउन बाँकी नै छ।

यस मुद्दासँग सम्बन्धित रूपमा सियोल केन्द्रीय जिल्ला अदालतले शुक्रबार उनलाई हिरासतमा राख्ने अधिकारीहरूको आदेश अवहेलना गरेको लगायतका अन्य अभियोगमा दोषी ठहर गर्दै सजाय सुनाएको हो । अदालतले यी कार्यहरूलाई कानूनी शासनविरुद्धको गम्भीर चुनौतीको रूपमा व्याख्या गरेको छ।

यस फैसलापछि युनले तत्काल सार्वजनिक रूपमा कुनै प्रतिक्रिया दिएका छैनन् । तर यसअघि एक स्वतन्त्र विशेष वकिलले ती आरोपहरूमा उनलाई १० वर्षको जेल सजायको माग गर्दा युनको प्रतिरक्षा टोलीले ती आरोपहरू राजनीतिक रूपमा प्रेरित भएको र यस्तो 'अत्यधिक' सजायको माग गर्न कानूनी आधार नभएको तर्क प्रस्तुत गरेको थियो।

डिसेम्बर २०२४ मा युनले अल्पकालीन रूपमा मार्सल ल लागू गरेपछि उनको कदमविरुद्ध देशभर व्यापक जनआन्दोलन सुरु भएको थियो । ती प्रदर्शनहरूमा उनको निष्कासनको माग चर्किँदै गएपछि अन्ततः उनीमाथि महाभियोग लगाइयो, पक्राउ गरियो र राष्ट्रपतिको पदबाट बर्खास्त गरियो।

युनले भने आफ्नो आदेश देशलाई लामो समयसम्म सैन्य शासनमा लैजाने उद्देश्यले नभई आफ्नो एजेन्डामा निरन्तर अवरोध पु¥याइरहेको उदार–नियन्त्रित संसद्बाट उत्पन्न खतराबारे जनतालाई सचेत गराउन मात्र जारी गरिएको दाबी गर्दै आएका छन् । तर अनुसन्धानकर्ताहरूले भने उक्त आदेशलाई विद्रोह, शक्तिको दुरुपयोग तथा अन्य आपराधिक अपराधको रूपमा व्याख्या गर्दै उनले आफ्नो शासन सुदृढ र दीर्घकालीन बनाउन खोजेको निष्कर्ष निकालेका छन्। रासस

# अस्ट्रेलियामा बालबालिका खातामा कडाइ

**वेलिङ्टन।**
अस्ट्रेलियाले १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाएपछि सामाजिक सञ्जाल कम्पनीहरूले बालबालिकाहरूका रूपमा पहिचान गरिएका करिब ४७ लाख खाताहरू हटाएको वा पहुँच बन्द गरेको अधिकारीहरूले बताएका छन्।

अस्ट्रेलियाली सञ्चारमन्त्री अनिका वेल्सले शुक्रबार पत्रकारहरूसँग कुरा गर्दै भने, 'हामीले यो सम्भव छैन भन्ने सबै तर्कहरू सुनेका थियौँ, विश्वका शक्तिशाली र धनी कम्पनीहरू तथा उनीहरूका समर्थकहरूलाई पनि हेरेका थियौँ । तर अब अस्ट्रेलियाका अभिभावकहरू आफ्ना बच्चाहरूले सुरक्षित रूपमा बाल्यकाल फिर्ता पाउनेछन् भन्नेमा विश्वस्त हुन सक्छन्।'

डिसेम्बरमा लागू गरिएको यस ऐतिहासिक प्रतिबन्धपछि पहिलो पटक सार्वजनिक भएको तथ्याङ्कले अनलाइन वातावरणले बालबालिकामा पार्ने हानिकारक प्रभावप्रति सरकारको चिन्ता कति गहिरो छ भन्ने देखाएको छ । यो कानूनले प्रविधिको प्रयोग, गोपनीयता, बाल सुरक्षा र मानसिक स्वास्थ्यसम्बन्धी बहसलाई थप चर्काएको छ र अन्य देशहरूलाई पनि यस्तै कदमबारे सोच्न प्रेरित गरेको छ।

अस्ट्रेलियाली कानूनअनुसार फेसबुक, इन्स्टाग्राम, टिकटक, एक्स, युट्युब, स्न्यापच्याट, रेडिट, किक, थ्रेड्स र ट्विचजस्ता प्लेटफर्महरूले १६ वर्षमुनिका बालबालिकाका खाताहरू हटाउन पर्याप्त कदम नचालेमा चार करोड ९५ लाख अस्ट्रेलियन डलरसम्म जरिवाना हुनसक्छ । ह्वाट्सएप र फेसबुक मेसेन्जरजस्ता सन्देश सेवा भने यस प्रतिबन्धबाट बाहिर छन्।

उमेर प्रमाणित गर्न प्लेटफर्महरूले पहिचान कागजात, अनुहारबाट उमेर अनुमान गर्ने प्रविधि वा उपलब्ध डाटाको प्रयोग गरेका छन्।

अस्ट्रेलियाको सुरक्षा आयुक्त जुली इनमान ग्रान्टका अनुसार आठदेखि १५ वर्ष उमेरका करिब २५ लाख बालबालिका देशमा छन् र विगतका अनुमानअनुसार आठदेखि १२ वर्ष उमेरका ८४ प्रतिशतले सामाजिक सञ्जाल खाता राखेका थिए । उनले ४७ लाख खाता हटाइनु वा निष्क्रिय पारिनु उत्साहजनक भएको बताए।

फेसबुक, इन्स्टाग्राम र थ्रेड्सको स्वामित्वमा रहेको मेटाले मात्र प्रतिबन्ध लागू भएको भोलिपल्ट करिब पाँच लाख ५० हजार खाताहरू हटाएको जनाएको छ । मेटाले प्रतिबन्धको आलोचना गर्दै साना प्लेटफर्महरूमा जोखिम बढ्नसक्ने चेतावनी पनि दिएको छ।

यो कानून आमाबाबु र बाल सुरक्षा अभियानकर्तामाझ लोकप्रिय भएपनि केही गोपनीयता पक्षधर र किशोर प्रतिनिधि समूहहरूले यसको विरोध गरेका छन् । यद्यपि प्रधानमन्त्री एन्थोनी अल्बानिजले 'केही शङ्का हुँदाहुँदै पनि यो उपाय प्रभावकारी देखिएको र विश्वका अन्य देशहरूले पनि अस्ट्रेलियालाई पछ्याउन थालेको' बताए। रासस

# लामिछानेको मुद्दा फिर्ता गर्ने निर्णयमा बारको आपत्ति




**काठमाडौँ।**
नेपाल बार एसोसिएसनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता गर्ने निर्णय अनुचित भएको जनाएको छ । बारका महासचिव केदारप्रसाद कोइरालाले जारी गरेको प्रेस विज्ञप्तिमा महान्यायाधिवक्ता कार्यालयको लामिछानेको उक्त मुद्दा फिर्ता लिने निर्णय अनुचित भएको जनाइएको हो।

‘अपराधको राजनीतिकरण र राजनीतिको अपराधिकरणले दण्डहीनतालाई प्रश्रय दिई फौजदारी न्यायको आत्मा मार्ने भएकाले कानुनी शासनको प्रत्याभूतिका लागि उक्त निर्णयको विरोध गर्दछौँ’, बारले भनेको छ, ‘अतः उल्लेखित निर्णय तत्काल फिर्ता लिनका लागि समेत यस एसोसिएसन माग गर्दछ’।

बारले फौजदारी न्याय प्रशासन स्वतन्त्र, निष्पक्ष र पारदर्शी हुनुपर्दछ भन्ने मान्यता बारले निरन्तर दिँदै आएको र मुद्दा फिर्तासम्बन्धी उक्त निर्णय प्रचलित कानुनी व्यवस्था र यसअघि सर्वोच्च अदालतले मुद्दा फिर्तासम्बन्धी प्रतिपादन गरेका सिद्धान्तविपरीत भएको जनाएको छ।

‘यस प्रकारको छनोटपूर्ण निर्णयले अदालतको क्षेत्राधिकार समेतमा आघात पुगी स्वतन्त्र न्यायापलिकाको अवधारणामा नै असर पुर्‍याउँदछ’, विज्ञप्तिमा भनिएको छ यस विषयले फौजदारी न्याय प्रणालीमा नै गम्भीर विचलन ल्याई कानुनको शासनको उल्लङ्घन भई कार्यकारीको स्वेच्छाचारितालाई बढावा दिने स्पष्ट छ।

महान्यायाधिवक्ता कार्यालयले गत पुस ३० गते लामिछानेको ठगी तथा सहकारी ठगीमा दाबी गरिएको अभियोग कायम गरी सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग दाबी निजको हकमा कायम नरहने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोग संशोधन हुनेगरी स्वीकृति दिने निर्णय गरेको थियो। रासस

# भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा ५१ लाख सहयोग

**काठमाडौँ ।**
गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा आगजनी र तोडफोडबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि सरकारले स्थापना गरेको ‘भौतिक पूर्वाधार पुनर्निर्माण कोष’मा नागरिक लगानी कोषले रू ५१ लाख सहयोग गरेको छ ।

जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरुत्थान तथा राहत लगायतका कार्यमा सहयोग पु-याउने उद्देश्यले कोषले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त रकम सहयोग गरेको हो ।

सो रकम बराबरको चेक नागरिक लगानी कोषका अध्यक्ष तुलसीप्रसाद घिमिरेले शुक्रबार अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई हस्तान्तरण गरेको अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेले जानकारी दिए । साथै आजसम्म उक्त कोषमा रू १४ करोड सात लाख रकम जम्मा भएको अर्थ मन्त्रालयले जनाएको छ । रासस

# नेपाल चिकित्सक सङ्घको निर्वाचन स्थगित

**काठमाडौँ ।**
नेपाल चिकित्सक सङ्घको निर्वाचन स्थगित भएको छ । सङ्घले शुक्रबार एक विज्ञप्ति जारी गरी पाटन उच्च अदालतबाट जारी भएको अन्तरिम आदेशलाई समेत मध्यनजर गर्दै पूर्वनिधारित तालिकाअनुसार तय गरिएको निर्वाचन कार्यक्रम स्थगित गरिएको जनाएको हो ।

प्रमुख निर्वाचन अधिकृत डा. प्रणयरत्न शाक्यले यस सम्बन्धमा निर्वाचन समितिबाट यथाशीघ्र अर्को सूचना जारी गरी निर्वाचन कार्यक्रमसम्बन्धी नयाँ तालिका सार्वजनिक गरिने बताए ।

सङ्घको निर्वाचन काठमाडौँ उपत्यका बाहिर माघ २ र ३ गते हुने भनिएको थियो भने काठमाडौं उपत्यकाभित्र माघ १५, १६ र १७ मा हुने गरी निधारित गरिएको थियो ।

केही समयअघि डा. अजयकुमार मिश्रले दायर गरेको रिटमा पाटन उच्च अदालतले यथास्थितिमा निर्वाचन नगर्न अन्तिम आदेश जारी गरेको थियो । रासस

# बैंक लुटपाटमा संलग्न सात जना पक्राउ

**सिन्धुली ।**
सिन्धुलीको घ्याङलेख गाउँपालिकामा रहेको नेपाल एसबिआई बैंकको शाखा लुटपाटमा संलग्न सात जनालाई प्रहरीले पक्राउ गरेको छ । घटनाबारे जिल्ला प्रहरी कार्यालयले शुक्रबार पत्रकार सम्मेलन गर्दै पक्राउ परेका व्यक्तिको विवरण सार्वजनिक गरेको हो । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक लालध्वज सुवेदीले पुस २९ गते साँझ ७ः३० बजे बैंक लुटपाटमा संलग्न सात जना पक्राउ गरिएको र एक जना फरार रहेको जानकारी दिए । उनका अनुसार काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका–१० का ४९ बर्षिय सुमो चालक भागवतसिंह थापा, सिन्धुलीको घ्याङलेख गाउँपालिका–२ का ४७ वर्षीय चतुरमान बज्यु, चितवनको भरतपुर महानगरपालिका–२ का २४ बर्षिय शशांक श्रेष्ठ, नुवाकोटको पञ्चकन्या गाउँपालिका–५ का २३ वर्षीय मिलन गिरी, सोही ठेगाना भएका १९ वर्षीय विवेक मगर, सिन्धुलीको घ्याङलेख गाउँपालिका–२ का ४४ वर्षीय छविलाल स्याङ्तान र एक जना नाबालक पक्राउ परेका छन् ।

पुस २९ गते सँझ उनीहरुले बैंकको गार्ड रुद्रबहादुर कार्की तथा उक्त बैंकमा रहेका कर्मचारीसमेतलाई नियन्त्रणमा लिएर लुटपाट गरेका थिए । बैंकका सुरक्षा गार्डलाई खुकुरीसमेत प्रहार गरी सामान्य घाइते बनाइ बैंक भित्र छिरी नगद लुटेर उनीहरु फरार भएका थिए । घटनास्थलबाट करिब दुई किलोमिटर पूर्व लिपिखोलामा विएडि ०३९८ टाटा सुमो र चालक भागवतसिंहलाई फेला पारी निजलाई प्रारम्भिक रुपमा सोधपुछ गर्दा अपरिचित छ जनाले विवाहको लागि भनी उक्त टाटा सुमो काभ्रेको बनेपाबाट सोही दिन रिजर्भ गरी ल्याएको जानकारी पाएपछि चालकले दिएको हुलियाको आधारमा बैंक लुटपाटमा संलग्नको खोजिलाई तिव्र पारिएको थियो ।

नेपाल एसबिआई शाखा कार्यालय घ्याङलेख शाखाका अनुसार उक्त दिन बैंकबाट रु तीन करोड सात लाख पैसा लुटी उनीहरुले लगेका थिए । पक्राउ परेकाहरुलाई चोरी तथा डाँकासम्बन्धी कसूरमा पाँच दिन म्याद थप भई अनुसन्धान भइरहेको । प्रहरीले रु दुई करोड ६८ लाख ५५ हजार १७५ बरामद गरेको छ । साथै उक्त घटनामा प्रयोग भएका दुई थान खुकुरी, एक थान प्लाष्टिकको पेस्तोल, मोबाइल पाँच थान, ठुलो पानी टेप एक थान, कालो रङको नकाब तीन थान र रातो रङको नकाब एक थान, कालो पञ्जा एक जोर बरामद गरिएको छ । रासस

# सुनारलाई खेल विज्ञानमा मानार्थ विद्यावारिधि



**काठमाडौँ ।**
विभिन्न खेलको कला प्रदर्शनमा २१ पटकका गिनिज वल्र्ड रेकर्ड राख्न सफल दिनेश सुनारलाई अमेरिकामा खेल विज्ञानमा मानार्थ विद्यावारिधि प्रदान गरिएको छ । इन्टरनेशनल इन्टर्नशीप युनिभर्सिटीले हालै स्पोर्टस् साइन्स एण्ड ह्युमन पर्फमेन्समा मानार्थ विद्यावारिधि दिएको हो ।

विश्वभर केबल असाधारण नेतृत्व र प्रेरणादायी योगदान दिने व्यक्तिहरूलाई प्रदान गरिने सो उपाधि अन्तर्राष्ट्रिय रूपमा प्रशंसित पार्कर खेलाडी, उत्कृष्ट जिम्नास्ट, स्टन्ट कलाकार र सहनशीलताको विश्व दूतका रूपमा अन्तरराष्ट्रिय ख्याति कमाएका नेपालका डा. सुनारले पहिलोपटक पाएका हुन् ।

सन् २०२५ मा विश्वभरबाट उनीसहित चार जनालाई सो सम्मान प्रदान गरिएको थियो । उनी भन्छन्, ‘यो सम्मानले दृढ सङ्कल्प र अवसरले सफलता सम्भव हुन्छ भन्ने कुराको पुष्टि भएको छ, साथै नेपालको प्रतिष्ठालाई अन्तरराष्ट्रिय जगतमा बढाउन मद्दत पुग्नेछ ।’ नेपालको प्रतिनिधित्व गर्दै उनले राष्ट्रिय तथा अन्तरराष्ट्रिय जिम्नास्टिक्स प्रतियोगितामा धेरैपटक स्वर्ण पदक जित्न सफल भएका छन् । अमेरिकास्थित वल्र्ड फ्रि रनिङ पार्कर फेडरेशनको प्रशिक्षक रहेका उनी सन् २०२४ देखि अमेरिकी पार्कर एम्बेसडरका रूपमा संस्कृति र महादेश जोड्दै स्वतन्त्रता, गति र आत्मअभिव्यक्तिको विचार बाँडिरहेका छन् ।

उनले बलिउड, कोलिउड र नेपाली चलचित्रमा ५० भन्दाबढी स्टन्ट प्रदर्शन गरिसकेका छन् । भविष्यमा नेपालमा व्यावसायिक पार्कर एकेडेमी स्थापना गर्ने योजना रहेको उनी बताउँछन् । रासस

# चालु आवमा ८५ आयोजनाको बजेट सुरक्षितः दुई दर्जन योजना अलपत्र

**सुर्खेत ।**
चालु आर्थिक वर्षमा कार्यान्वयन गर्न कर्णाली प्रदेश सरकारले आवश्यकता आधारमा स्रोत सुनिश्चित गरेको जनाएको छ । चालु आर्थिक वर्षमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले १०९ वटा आयोजनाको स्रोत सुनिश्चितका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा बिल पठाएपनि हालसम्मा ८५ वटा आयोजनाले मात्र बजेट पाएका छन् ।

आर्थिक मामिला तथा योजना मन्त्रालयमा सचिव बदलिने समस्याले गर्दा काम ढिला भएको मन्त्रालयले बताउँदै आएको छ । यसपटक सबैभन्दा बढी झोलुङ्गे पुलको स्रोत सुनिश्चित भएको छ । प्रदेशमा सबैभन्दा बढी बजेट भएको मन्त्रालयका रूपमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयलाई लिइन्छ । स्रोत सुनिश्चित पनि सबैभन्दा बढी यही मन्त्रालयको हुने गरेको छ । जिल्ला कार्यालयबाट बजेट सुरक्षित गरिएका आयोजनाको बोलपत्र गर्ने तयारीका साथ काम तीव्र बनाएको मन्त्रालयका प्रवक्ता इन्जिनियर प्रेमबहादुर वलीले जानकारी दिए । सडकहरूमा सबैभन्दा बढी कच्ची कटानका रहेका छन् ।




चालु आवमा पठाएका आयोजनाको बोलपत्र गरेर अन्तिम चरणमा पुर्याई भौतिक निर्माणको काम सुरु भइसकेको अवस्था छ । पुराना आयोजनाको प्रगति बढाउनका लागि छलफल पनि जारी राखेको भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले बताए ।

हालसम्म स्रोत सुनिश्चित गरेका आयोजनाको कार्यान्वयन गर्न जिल्ला कार्यालयलाई मन्त्रालयले पत्राचार गरिसकेको उनले जानकारी दिए । दश जिल्लामा पुलको समस्या भोगिरहेको नागरिकको समस्यालाई मध्यनजर गर्दै २० वटा पक्की पुल निर्माण गर्न जिल्लामा पत्राचार गरिएको छ । त्यस्तै, ४८ वटा ठाउँमा झोलुङ्गे पुल निर्माण गर्न पनि जिल्ला कार्यालयलाई अख्तियारी प्रदान गरिएको मन्त्री बुढाले बताए । सोह्र ठाउँमा रहेका सडक निर्माण गर्न अख्तियारी प्रदान गरिएको छ । त्यस्तै मन्त्रालयले एउटा बेलिब्रिज निर्माण गर्न स्रोत सुनिश्चित गरेर बोलपत्र खोल्न निर्देशन पठाएको छ ।

**कुन जिल्लामा कति भौतिक संरचना निर्माण ?**

सुर्खेतमा चारवटा सडक, सातवटा पक्की पुल, पाँच झोलुङ्गे पुल निर्माण गर्न बजेट व्यवस्थापन गरी पूर्वाधार विकास निर्देशनालयलाई काम गर्न अख्तियारी प्रदान भइसकेको छ । जाजरकोटमा दुईवटा सडक, छवटा पक्की पुल, तीनवटा झोलुङ्पुल र एउटा बेलिब्रिज निर्माण गर्न निर्देशन मन्त्रालयले पठाइसकेको छ । दैलेखमा एक सडक, दुईवटा मोटरेबल पुल, १० वटा झोलुङगेपुल निर्माण हुने भएका छन् । रुकुमपश्चिममा एक सडक, तीनवटा पक्की पुल र एक झोलुङपुल निर्माण गर्न बजेट सुरक्षित गरिएको छ । मुगुमा एक सडक, नौवटा झोलुङ्गेपुल निर्माण हुने भएका छन् ।

त्यसैगरी, सल्यानमा एक सडक, एक मोटरेबल पुलका लागि बजेट सुरक्षित गरिएको छ । जुम्लामा एक सडक र चार झोलुङ्गेपुल निर्माण गर्न बजेट सुनिश्चित गरिएको प्रवक्ता वलीले जानकारी दिए । हुम्लामा एक सडक र चारवटा झोलुङ्गेपुल निर्माण गर्न बजेट सुनिश्चित गरिएको छ । कालिकोटमा एक सडक र पाँचवटा झोलुङ्गेपुल निर्माण हुने भएका छन् । डोल्पामा तीनवटा सडक, दुईवटा पक्की पुल र सात झोलुङ्गेपुलका लागि बजेट सुनिश्चित गरिएको छ ।

एक सय नौवटा आयोजनाको स्रोत सुनिश्चित गर्नुपर्नेमा हालसम्म ८५ वटा आयोजनाको स्रोत सुनिश्चित भएको वलीले जानकारी दिए । चालु आवमा नै बोलपत्र आह्वान गरेर काम सुरु हुने उनले बताए ।

**विश्व बैंकको प्रतिनिधिमण्डलसँग छलफल**

विश्व बैंकको आर्थिक सहयोगमा कर्णालीमा निर्माण भइरहेको भौतिक पूर्वाधारका कामको समीक्षा भएको छ । कर्णालीका १० जिल्लामा रहेका विभिन्न ठाउँमा सडक पूर्वाधारको काममा विश्व बैंकको लगानी छ ।

प्रदेश सरकारको समन्वयमा बैंकले पूर्वाधारका क्षेत्रमा काम गर्दै आएको छ । विगतमा कार्यान्वयन आएका कामको प्रभावकारी र भावी दिनमा लगानी गर्ने विषयमा पनि छलफल भएको मन्त्री बुढाले जानकारी दिए । छलफलमा विश्व बैंकका नेपाल प्रमुख रेनु अनेजा, मन्त्रालयका सचिव अर्जुनकुमार बम, प्रादेशिक आयोजना व्यवस्थापन एकाइ सुर्खेतको टिमलगायतको सहभागिता थियो ।

छलफलमा जिल्लामा विकास निर्माणका काम गर्दा आइपरेका समस्या तथा चुनौतीका विषयमा छलफल भएको थियो । हाल हुम्ला, कालिकोट, दैलेखमा काम भइरहेका छन् । प्रदेश सरकारले काम गरिरहेका ठाउँमा ८० प्रतिशत बजेट विश्व बैंकले लगानी गर्दै आएको छ । अन्य जिल्लामा पनि पूर्वाधारका काम गर्न प्रक्रियागत काम भइरहेको मन्त्री बुढाले बताए । पालिकाको केन्द्रलाई सडक पूर्वाधारले जोड्ने मुख्य उद्देश्य छ । प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना, प्रादेशिक आयोजना व्यवस्थापन एकाइबाट कर्णालीमा काम भइरहेको छ । कर्णालीका १० जिल्लामा काम भए पनि कार्यालयको असहयोगका कारण गति लिन नसकेको भन्दै विश्व बैंकको नेपाल सेक्टर हेर्ने अनेजाले गुनासो गरेका थिए । रासस

# कञ्चनपुरमा जलपन्छी गणना सम्पन्न

**कञ्चनपुर ।**
कञ्चनपुरका विभिन्न तालतलैया, नदी र सिमसार क्षेत्रमा यस वर्षको जलपन्छी गणना सम्पन्न भएको छ । सिमसार क्षेत्रमा आश्रित रैथाने तथा आगन्तुक जलपन्छीको अवस्था र संख्या अभिलेख गर्ने उद्देश्यले सञ्चालन गरिएको गणना सकिएको हो । नेपाल पन्छी संरक्षण सङ्घ (बिसिएन)का वरिष्ठ चराविज्ञ हिरूलाल डगौंराका अनुसार विगतका वर्षको तुलनामा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्रको सिकारी ताल तथा निकुञ्ज बाहिरका पुरैनी ताल, नकैया सिमसारलगायत क्षेत्रमा जलपन्छीको संख्यामा सुधार आएको पाइएको छ ।

‘कञ्चनपुरमा गणना कार्य पूरा गरी अहिले संख्या अद्यावधिक गर्ने, प्रजाति छुट्याउनेलगायतका काम भइरहेको छ’, उनले भने, ‘कैलालीका केही क्षेत्रमा गणना बाँकी रहेकाले आगामी माघ ४ गतेभित्र सबै तथ्याङ्क सार्वजनिक गरिनेछ ।’ बिसिएनको अगुवाइ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको समन्वयमा जलपन्छी गणना गरिएको छ ।

गणनामा वाइनाकुलर, दूरबिन, क्यामेरा र जिपिएसजस्ता उपकरणको प्रयोग गरिएको थियो भने हिँडेर पुग्न नसकिने सिमसार क्षेत्रमा हात्तीको पनि प्रयोग गरिएको चराविज्ञ डगौंराले जानकारी दिए । गणनामा बिसिएन, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल पन्छीविद् सङ्घ, कनेक्ट परियोजना, जेडएसएल, निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, हिमालय नेचर, नेचर गाइड एसोसिएसन तथा कञ्चनपुर पन्छी संरक्षण समूहका प्रतिनिधिहरूको संलग्नता थियो ।

निकुञ्जभित्रका सिकारी ताल, बाबा ताल, तारा ताल, रानी ताल, चौधर नदी, राधापुर सिमसार, झिलमिला र रतनपुर सिमसारमा गणना गरिएको छ । त्यसैगरी निकुञ्ज बाहिरका महाकाली नदी, पुरैनी ताल र बन्दा ताल क्षेत्रमा पनि जलपन्छीको अवस्थाबारे विवरण सङ्कलन गरिएको छ ।

चराविज्ञहरूका अनुसार सिमसार क्षेत्रमा बढ्दो अतिक्रमण, अवैज्ञानिक माछापालन, नदीजन्य पदार्थको दोहन, मानवीय गतिविधि र जलवायु परिवर्तनका कारण जलपन्छीको बासस्थान सङ्कटमा पर्दै गएको छ । गणनाका क्रममा पन्छीको सङ्ख्याका साथै बासस्थानमा देखिएका चुनौतीबारे पनि अध्ययन गरिएको बताइएको छ । रासस

# जनकपुरधाममा सरसफाइ, ट्राफिक र पार्किङ व्यवस्थापन सुदृढ बनाइने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामलाई स्वच्छ, सुरक्षित र व्यवस्थित सहर बनाउने उद्देश्यले मधेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्रालयले सरोकारवाला निकायसंग छलफल गरेको छ । गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोको अगुवाईमा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख, प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिमा छलफल गरिएको हो ।



छलफलबाट जनकपुरधाम नगरको सरसफाइ, ट्राफिक तथा पार्किङ व्यवस्थापन, धार्मिक स्थल तथा प्रदेश भवनको सुरक्षा सुदृढीकरणका सम्बन्धमा विस्तृत छलफल गरी महत्वपूर्ण निर्णयहरू गरेको हो । सम्बन्धित निकायसँग समन्वय गरी जनकपुरधाममा बृहत सरसफाइ अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ ।

जानकी मन्दिर क्षेत्रको फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउन जानकी मन्दिरका महन्थसहित गुठी संस्थानका पदाधिकारीहरूसँग छलफल गरी दीर्घकालीन समाधान खोजिने भएको छ । साथै, सहरको फोहोर व्यवस्थापनका लागि डम्पिङ साइट निर्धारण तथा व्यवस्थापन गर्न जनकपुरधाम उपमहानगरपालिकालाई औपचारिक रूपमा आग्रह गर्ने निर्णय गरिएको छ ।

ट्राफिक तथा पार्किङ व्यवस्थापनलाई प्रभावकारी बनाउन सहरका विभिन्न स्थानमा पार्किङका लागि निश्चित क्षेत्र तोक्ने, अत्यधिक भिडभाड हुने स्थानहरूमा नो–पार्किङ जोन निर्धारण गर्ने तथा ट्राफिक प्रहरीलाई आवश्यक सहयोग गर्ने निर्णय छलफलबाट गरिएको छ । यसका साथै, ई–रिक्सा व्यवस्थापन, रामानन्द चौकदेखि जनक चौकसम्म वन–वे प्रणाली लागू गर्ने, तथा मुख्य बजार क्षेत्र र पेठिया बजारमा बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म सवारी साधन प्रवेशमा रोक लगाउने विषयमा जिल्ला प्रशासन कार्यालय धनुषासँग आवश्यक समन्वय गर्ने निर्णय गरिएको गृह संचार तथा कानून मन्त्रालयका प्रवक्ता राधेशंकर प्रसाद पालले जानकारी दिए ।

सुरक्षा व्यवस्थापनतर्फ मुख्य मठ–मन्दिर तथा अन्य संवेदनशील स्थानहरूमा सीसीटिभी जडान तथा मर्मत कार्य गृह, सञ्चार तथा कानून मन्त्रालयमार्फत व्यवस्था मिलाइने भएको छ । साथै, सहरको रंगरोगन, सरसफाइ र सौन्दर्याकरणका लागि आवश्यक बजेट प्रस्ताव गरिने निर्णय पनि बैठकले गरेको छ ।

त्यसैगरी, प्रदेश भवनभित्रको सुरक्षा व्यवस्थापनलाई थप सुदृढ बनाउन प्रदेश सुरक्षा समितिद्वारा गठित मधेश भवन सुरक्षा अध्ययन समितिको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरिएको छ । बैठकले यी सबै निर्णयहरू चरणबद्ध रूपमा कार्यान्वयन गरी जनकपुरधामलाई सरसफाइ, ट्राफिक र सुरक्षा व्यवस्थापनको दृष्टिले नमूना सहरका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

बैठकले यी सबै निर्णयहरू चरणबद्ध रूपमा कार्यान्वयन गरी जनकपुरधामलाई सरसफाइ, ट्राफिक र सुरक्षा व्यवस्थापनको दृष्टिले नमूना सहरका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# निर्वाचन क्षेत्रहरुमा निर्वाचन अधिकृतको कार्यालय



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा निर्वाचनका लागि धनुषाको ४ पटै निर्वाचन क्षेत्रमा मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालय स्थापना भएका छन् ।

प्रतिनिधिसभा निर्वाचनको सञ्चालन तथा व्यवस्थापन प्रयोजनका लागि निर्वाचन आयोगले सबै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने निर्णय अनुसार धनुषाको ४ वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो ।

धनुषा क्षेत्र नम्बर १को निर्वाचन कार्यालय धनुषाधाममा मनोज बडाललाई निर्वाचन अधिकृत तोकेर कार्यालय संचालनमा ल्याइएको छ ।

त्यस्तै धनुषा क्षेत्र नम्बर २को निर्वाचन अधिकृत दामोदर रेग्मी हुनु हुन्छ भने कार्यालय तिनकौरियामा स्थापना गरिएको हो । धनुषा निर्वाचन क्षेत्र नम्बर ३को जनकपुरधाममा निर्वाचन अधिकृत सुभाषबाबु पुरीको नेतृत्वमा कार्यालय स्थापना गरिएको हो । धनुषा निर्वाचन क्षेत्र नम्बर ४को महेन्द्रनगरमा पुरुषोत्तम खतिवडाको नेतृत्वमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो ।

प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको उम्मेदवारी मनोनयन ६ माघमा हुँदै छ ।

त्यस पूर्व सम्बन्धित निर्वाचन क्षेत्रहरूका लागि निर्वाचन कार्यालय खोलेर कर्मचारी खटाइएको हो ।

यता महोत्तरीमा पनि निर्वाचनसम्बन्धी उम्मेदवारी दर्ता, कर्मचारी परिचालन, निर्वाचन सामग्रीको व्यवस्थापन तथा भण्डारण, प्रशासनिक कामकारबाही र मतगणनालगायत सम्पूर्ण निर्वाचन गतिविधि सञ्चालन गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो ।

जलेश्वरस्थित जिल्ला समन्वय समितिको कार्यालयमा स्थापना गरिएको उक्त कार्यालयको जिल्ला अदालत महोत्तरीका न्यायाधीश एवं मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारी र प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले संयुक्त रूपमा उद्घाटन गरे ।

यसैगरी, प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ का लागि बर्दिबास उद्योग वाणिज्य संघको कार्यालय, क्षेत्र नं २ का लागि बलवा नगरपालिका–७ बनौटास्थित आधारभूत अस्पतालको भवन र क्षेत्र नं ४ का लागि रामगोपालपुरस्थित महेन्द्र माध्यमिक विद्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको प्रमुख जिल्ला अधिकारी यादवले जानकारी दिए । निर्वाचन क्षेत्र नं ३ को कामकाज भने मुख्य निर्वाचन अधिकृतकै कार्यालयबाट सञ्चालन हुने जनाइएको छ ।

निर्वाचन क्षेत्रगत रूपमा क्षेत्र नं १ मा गगनदेव महतो, क्षेत्र नं २ मा शोभाकर खरेल र क्षेत्र नं ४ मा नारायणप्रसाद चापागाईं निर्वाचन अधिकृत रहनेछन् ।

# व्यवस्था असफल भइसकेको कञ्चनको दाबी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा (बहुमत) का महासचिव कञ्चनले बर्तमान व्यवस्था असफल भइसकेको बताएका छन् ।

जनकपुरधाममा आयोजित औचित्यहिन संसदीय निर्वाचनमाथि बहिष्कार विमर्ष गोष्ठीमा बोल्दै कञ्चनले वर्तमान व्यवस्था असफल सावित भई सकेको र सोही व्यवस्थालाई जोगाउन अहिले निर्वाचन हुन गईरहेकोले निर्वाचनको औचित्य नरहेको बताए । उनले वर्तमान राजनीतिक व्यवस्था जनताको हितमा नभई सत्ताको खेलमै सीमित रहेको आरोप लगाए ।

महासचिव कञ्चनले चुनावलाई औपचारिकता र सत्ता हस्तान्तरणको साधन मात्रै बनेको बताउँदै, विकल्प बिना भएको प्रतिस्पर्धाले जनतामा निराशा बढाएको दाबी गरे । उनका अनुसार, जनताले भोगिरहेको गरिबी, बेरोजगारी, स्वास्थ्य, शिक्षा र विकास जस्ता मुद्दा वर्तमान व्यवस्थाले अंगाल्न नसकेको बताए ।

उनले भने 'व्यवस्थालाई बदल्नु नै अहिलेको विकल्प हो, संविधान बदल्नु आजको आवश्यक्ता हो निर्वाचन होइन ।' उनले जेन्जी आन्दोलनले पनि वर्तमान व्यवस्थाको विरुद्ध थियो, उनले भने 'जेन्जी आन्दोलन भ्रष्टाचार विरुद्ध थियो, प्रत्यक्ष कार्यकारी राष्ट्रपति हुनु पर्ने माग जेन्जीहरुको थियो पुरा भयो ?' भएन अहिन के का लागि निर्वाचन हुन गईरहेको छ उनले प्रश्न गरे ।

उनले वर्तमान व्यवस्थाकै कारण सिंहदरबार, संसद भवन, राष्ट्रपति भवन, सर्वोच्च अदालतसहित हजारौँ घरहरु जले, प्रहरी कार्यालयहरु लुटिए त्यसैले यो निर्वाचन पुरानै अशान्ति मच्चाउने व्यवस्थाको रक्षाकालागि भईरहेको आरोप लगाए ।




# महोत्तरी–४ मा जसपा नेपालको शक्ति प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल महोत्तरी जिल्ला क्षेत्र नम्बर ४ को क्षेत्रीय समितिद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रम भएको छ । कार्यक्रममा विभिन्न राजनीतिक दल परित्याग गरी सयौँ नेता तथा कार्यकर्ता जसपामा आबद्ध भएका छन् ।

कार्यक्रममा जसपा नेपालका केन्द्रीय अध्यक्ष उपेन्द्र यादव प्रमुख अतिथिका रूपमा सहभागी थिए । साथै पार्टीका वरिष्ठ नेता तथा पूर्वमन्त्री शरद सिंह भण्डारी, मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री राजकुमार गुप्ता र श्रम, यातायात तथा रोजगार मन्त्री मनिष कुमार सुमन विशिष्ट अतिथिका रूपमा उपस्थित थिए ।

नवप्रवेशी नेता–कार्यकर्ताहरूलाई अध्यक्ष यादवले पार्टीमा स्वागत गर्दै मधेशको पहिचान, समानता र सामाजिक न्यायको एजेन्डालाई संस्थागत रूपमा अघि बढाउने शक्ति जसपा मात्रै भएको दाबी गरे ।

उनले भने, 'संघीयता, अधिकार र समानताका लागि निरन्तर संघर्ष गरेको पार्टीप्रति जनताको भरोसा बढ्दै गएको छ । अब हुने निर्वाचनमा मधेशको जनताको मत जसपा नेपालतर्फ स्पष्ट देखिनेछ ।'

वरिष्ठ नेता भण्डारीले संविधान कार्यान्वयन, सुशासन र उत्तरदायी राजनीतिक अभ्यासमा जसपा दृढ रहेको उल्लेख गरे । उनले भने, 'राजनीति सत्ता प्राप्तिको साधन मात्र होइन, जनसेवाको माध्यम हो । मधेशको विकास र अधिकार सुनिश्चित गर्न जसपा जिम्मेवारीपूर्वक अघि बढ्छ ।'

कार्यक्रममा स्थानीय अगुवा, बुद्धिजीवी, पार्टीका नेता तथा कार्यकर्ताको उल्लेखनीय सहभागिता रहेको थियो । आयोजकका अनुसार पार्टी प्रवेश कार्यक्रमले क्षेत्रीयस्तरमा जसपाको संगठन सुदृढ बनाउन थप ऊर्जा दिएको छ ।

# भारतीय सहयोगमा विद्यालय भवन निर्माण

**उदयपुर ।**
भारत सरकारको सहयोगमा त्रियुगा नगरपालिका–१० बोक्सेमा बालमन्दिर माध्यमिक विद्यालयको नयाँ भवन निर्माण भएको छ ।

तीन तलको २४ कोठे उक्त भवन निर्माणका निम्ति नेपालस्थित भारतीय राजदूतावासले रु चार करोड ८७ लाख प्रदान गरेको विद्यालयका प्राचार्य जङ्गबहादुर खड्काले राससलाई जानकारी दिनुभयो । नवनिर्मित भवनमा कम्प्युटर र विज्ञान प्रयोगशालाका साथै कार्यशाला आयोजना गर्ने प्रेक्षालय पनि निर्माण गरिएको छ । भवनको हालै आयोजित एक कार्यक्रममा नगरपालिकाका प्रमुख वसन्तकुमार बस्नेतले उद्घाटन गर्नुभयो ।

# तराई–मधेश शिक्षामा पछाडि पर्नु चिन्ताजनक



**रामएकवाल राम**
**दोहा, कतार ।**
तराई–मधेश क्षेत्र शिक्षामा पछाडि पर्नुमा राज्य र समाज दुवै दोषी रहेको नेता डा.राजिव झाले बताएका छन् । बिहीबार मुन्ताजा पार्क नजिकै रहेको गोर्खाली रेस्टुरेन्टको सभाहलमा मधेशी एकता समाज कतारले आयोजना गरेको स्वागत–सम्मान तथा शुभकामना अदान प्रदान कार्यक्रममा झाले यस्तो बताएका हुन् । राष्ट्रिय मुक्ति पार्टी नेपालका उपाध्यक्ष तथा क्लोथ बैंक नेपालका अध्यक्षसमेत रहेका डा. झाले कुनै समय मधेशकै शिक्षक देशभर पुगेर शिक्षा प्रदान गर्दै आएकामा अहिले आएर मधेश नै शिक्षाको मामिलामा पछाडि पर्नु दुःखद रहेको बताए ।

मधेश प्रदेशमा प्रायः धेरै विद्यालयमा विद्यार्थीले भूइँमा बस्ने बाध्यता रहेका मधेशी एकता समाज अन्तर्राष्ट्रिय समितिका उपाध्यक्ष झाले बताए । कार्यक्रममा उपस्थित वक्ताले मधेशको आर्थिक, सामाजिक तथा शैक्षिक विकाससँगै राजनीतिक स्थिरता प्रमुख आवश्यकता रहेको भन्दै आपसी सहकार्य र एकताको आवश्यकता औँल्याएका थिए ।

गैरअवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष कृष्ण पन्थीले मधेशको विद्यालयमा विद्यार्थीले भूइँमा बसेर पढ्ने बाध्यता रहेका विद्यालयमा आवश्यक बेन्च डेस्क लगायतका सामग्री सहयोग गर्ने बताए ।

अध्यक्ष पन्थीले दोहामा स्थापित मधेश प्रदेशका जिल्ला संस्थाका अध्यक्षहरुले आआफ्नो जिल्लामा त्यस्ता विद्यालयको नाम एनआरएनए कतारसँग समन्वय गर्न आग्रह गर्दै त्यसता विद्यालयलाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपालको संविधान २०७२ को धारा ३९ (२) मा बालबालिकाको हक अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोञ्जन तथा सर्वागीण व्यक्तित्व विकासको हक हुने व्यवस्था गरिएको भएपनि मधेशका प्राय विद्यालयमा विद्यार्थीहरु भुइँमै बसेर पढ्न बाध्य भएका वक्ताहरुले बताए ।

विधिवत रुपमा सुरुवात गरेको कार्यक्रमलाई संस्थाका कोषाध्यक्ष गौतम शर्माले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई समाजका कार्यवाहक अध्यक्ष मोहम्मद अलि हुसेनको सभापतित्वमा भएको कार्यक्रममा एनआरएनए एनसीसी कतारका अध्यक्ष कृष्ण पन्थी, नेपाली समाज कतारका अध्यक्ष मनिस यादव, मधेश प्रदेश समन्वय परिषद कतारका अध्यक्ष मोहम्मद नियाज शेख, संस्थाका मिडलिस्ट कोअर्डिनेटर अभय कुमार ठाकुरलगायत दोहामा स्थापित मधेशका विभिन्न संस्थाका अध्यक्ष, प्रतिनिधि, पत्रकार लगायतको उपस्थिति थियो ।

# ६ महिनामा १ खर्ब १६ अर्ब ५८ करोड ८५ लाख राजस्व असुली

**मधेशदृष्टि**
**वीरगंज ।**
देशकै मुख्य भन्सार नाकाको रुपमा रहेको वीरगंज भन्सार कार्यालयले चालु आर्थिक बर्ष २०८२–८३ को ६ महिनाको अबधिमा १ खर्ब १६ अर्ब ५८ करोड ८५ लाख ६३ हजार रुपैया राजस्व असुली गरेको छ ।



अर्थ मन्त्रालय भन्सार विभागले वीरगंज भन्सार कार्यालय (आईसीपी) लाई पुस मसान्त सम्म ६ महिनाको लागि १ खर्ब ३२ अर्ब ५६ करोड ३५ लाख १६ हजार राजस्व उठाउने लक्ष्य तोकेको भए पनि सो समयमा भएका विभिन्न आन्दोलन, बर्षायामको कारण भन्सार प्रभावित हुनुको साथै माल सामानको आयात समेत घटेको हुँदा लक्ष्य अनुसारको राजस्व असुली प्रभावित भएको वीरगंज भन्सार कार्यालय (आईसिपी) का प्रमुख भन्सार प्रशासक बिष्णु प्रसाद ज्ञवालीले जानकारी दिए । आईसिपी वीरगंजले ६ महिनाको अबधिमा तोकिएको लक्ष्य भन्दा झण्डै १३ प्रतिशत कम राजस्व असुली गरेको छ । अर्थ मन्त्रालयले तोकेको लक्ष्य भन्दा ६ महिनामा १५ अर्ब ९७ करोड ४९ लाख ५३ हजार रुपैयाँ कम राजस्व असुली

बाँकी पृष्ठ २ मा

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन